LIKE SHARE & FOLLOW
@RajdhaniRastriyaDainik
RajdhaniDailyNepal
@Rajdhani.Daily
@Rajdhani.Dainik
@Rajdhani_Daily

लोकप्रिय राष्ट्रिय दैनिक

राजधानी

www.rajdhanidaily.com

वर्ष २६, अंक १३३, मंगलबार १ मंसिर २०८३, नेपाल संवत् ११४७ | RAJDHANI Nepali National Daily | Tuesday 17 November 2026 | पृष्ठ : ६ | मूल्य रु. ५०/-

● मैझारो छठ अर्घ्य



छठ पर्वको अन्तिम दिन सोमबार बिहान खोला किनार र पोखरीमा निर्माण गरिएको घाटमा उदाउँदो सूर्यको उपसना गरी अर्घ्य दिँदै श्रद्धालु । योसँगै यसवर्षको छठ पर्व समापन भएको छ । **तस्बिर : नेपाल फोटो लाइब्रेरी**

आयोगले थाल्यो स्थानीय तह निर्वाचन तयारी

»आगामी ४ मंसिरमा दलहरूसँग परामर्श

»५ चैत २०८३ भित्र निर्वाचन गर्नुपर्ने कानुनी बाध्यता

राजधानी समाचारदाता

काठमाडौं, ३० कात्तिक

निर्वाचन आयोगले आगामी स्थानीय तह निर्वाचनको तयारी थालेको छ । सम्भावित निर्वाचन मिति, प्रविधिको प्रयोग तथा कानुनी विषयमा राजनीतिक दलहरूसँग औपचारिक छलफल गरेर आयोगले चुनावी तयारी अघि बढाएको हो ।

आयोगले आगामी ४ मंसिरमा प्रमुख राजनीतिक दलका प्रतिनिधिहरूलाई छलफलका लागि बोलाएको प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । स्थानीय तहका जनप्रतिनिधिको पाँचवर्षे कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअघि नै निर्वाचन गर्नुपर्ने कानुनी व्यवस्था छ । आयोगले गर्नुपर्ने मतदाता नामावली अद्यावधिक लगायतका काम गरेर दलहरूसंगको परामर्श र सरकारको निर्णय पर्खिरहेको आयोग स्रोतले जनाएको छ ।

३० वैशाख २०७९ मा एकै चरणमा सम्पन्न स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको पाँचवर्षे कार्यकाल आगामी ५ जेठ २०८४ मा समाप्त हुँदैछ । निर्वाचन आयोगले १८ माघ २०७८ मा गरेको निर्णयअनुसार २०७९ वैशाख ३० गते निर्वाचन सम्पन्न भए पनि निर्वाचित जनप्रतिनिधिको कार्यकाल ६ जेठबाट गणना हुने व्यवस्था गरेको थियो । यसअघि, २०७४ सालमा तीन चरणमा सम्पन्न स्थानीय तह निर्वाचनको पहिलो चरणको मिति ३१ वैशाख २०७४ आधार मानेर अघिल्ला जनप्रतिनिधिको पाँचवर्षे कार्यकाल ५ जेठ २०७९ मा समाप्त हुने निर्णय गरिएको थियो । सोही आधारमा नयाँ जनप्रतिनिधिको कार्यकाल ६ जेठ २०७९ बाट सुरु भएको थियो ।



»के भन्छ स्थानीय तह निर्वाचन ऐन ?

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३ को उपदफा (१)मा गाउँसभा वा नगरसभाका सदस्यको निर्वाचन सम्बन्धित सभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगाडि गर्नुपर्ने व्यवस्था छ । यसअनुसार आगामी ५ जेठ २०८४ मा कार्यकाल समाप्त हुने भएकाले नयाँ जनप्रतिनिधि चयनका लागि ५ चैत २०८३ भित्रै निर्वाचन सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसैले फागुन अन्तिम सातादेखि चैत पहिलो सातासम्मको अवधिमा निर्वाचन गरिसक्नुपर्ने कानुनी समयसीमालाई ध्यानमा राखेर आयोगले तयारी अघि बढाएको हो ।

नेपाली कांग्रेस सभापति गगनकुमार थापाले निर्वाचन आयोगले स्थानीय निर्वाचनबारे छलफल गर्न दलहरूलाई बोलाएको जानकारी दिएका छन् ।

बाँकी पृष्ठ ४ मा »

काठमाडौंमा जुट्दै वडादेखि केन्द्रसम्मका एमाले नेतृत्व

»स्थानीय निर्वाचनकेन्द्रीत छलफल



■ केपी शर्मा ओली



राजधानी समाचारदाता

काठमाडौं, ३० कात्तिक

नेकपा एमालेले केन्द्रीय नेतृत्वदेखि ७५३ वटै स्थानीय तहका कमिटीका प्रतिनिधिसम्मलाई एकैठाउँ सहभागी गराएर 'राष्ट्रिय कार्यकर्ता भेला' आयोजना गर्ने भएको छ ।

आगामी स्थानीय तह निर्वाचन तयारी, पार्टीको वैचारिक तथा संगठनात्मक एकता र राजनीतिक कार्यदिशा तय गर्ने उद्देश्यसहित आगामी २ र ३ मंसिरमा काठमाडौंमा हुने भेलाको सम्पूर्ण तयारी पूरा भएको जनाइएको छ ।

भेलामा केन्द्रीय नेतृत्वदेखि पालिका कमिटी अध्यक्ष तथा उपाध्यक्ष र विभिन्न तहका निर्वाचित जनप्रतिनिधिसम्म गरी ३ हजार ४१४ जनाको सहभागिता रहने प्रचार विभाग प्रमुख निरज आचार्यले जानकारी दिए । उनका अनुसार पार्टीको इतिहासमै पहिलोपटक केन्द्रीय नेतृत्व, पालिका तहका कमिटी र संघीय संसददेखि स्थानीय तहसम्मका जनप्रतिनिधिलाई एकै ठाउँमा सहभागी गराएर यस्तो राष्ट्रिय भेला आयोजना गर्न लागिएको हो ।

सोमबार आयोजित पत्रकार सम्मेलनमा आचार्यले माइतीघरस्थित कार्की बैंक्वेटमा २ मंसिर बुधबार बिहान ११ बजे पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले भेला उद्घाटन गर्ने जानकारी दिए । सहभागी संख्याका हिसाबले महाधिवेशनभन्दा ठूलो र प्रतिनिधित्वका हिसाबले पार्टीका सबै तह तथा क्षेत्र समेटिएको भेलाका रूपमा एमालेले यसलाई व्याख्या गरेको छ ।

स्थानीय तह निर्वाचनको व्यवस्थित पूर्वतयारी गर्नु, पार्टीभित्र राजनीतिक बुझाइ र दृष्टिकोणमा एकरूपता कायम गर्नु तथा वैचारिक र संगठनात्मक एकता सुदृढ बनाउनु भेलाको मुख्य उद्देश्य रहेको एमालेले जनाएको छ । मुलुकमा पछिल्लो समय देखिएको कुशासन र निराशालाई चिर्दै जनतामाझ नयाँ आशा र राजनीतिक ऊर्जा सञ्चार गर्ने लक्ष्य पनि भेलाले राखेको छ ।

एमालेको केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठकले पारित गरेका दुई प्रमुख कार्यभार र गर्नुपर्ने १५ कामलाई प्रभावकारी कार्यान्वयन विषय भेलाको अर्को प्रमुख एजेन्डा हुनेछ । अध्यक्ष ओलीले समसामयिक राजनीतिक अवस्थाको विश्लेषण, पार्टीको दृष्टिकोण र आगामी कार्यदिशासहित सो कार्यभारबारे वैचारिक तथा राजनीतिक मार्गदर्शन गर्ने कार्यक्रम छ ।

भेलामा वरिष्ठ नेता तथा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले समसामयिक राजनीतिक विषय र पार्टीको कार्यभारबारे विशेष सम्बोधन गर्ने छिन् । उपाध्यक्ष रामबहादुर थापाले संसदीय सङ्घर्षसम्बन्धी अभिभारा, अर्का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले एमाले सरकारमा रहँदा हासिल गरेका उपलब्धिको समीक्षा र महासचिव शंकर पोखरेलले पार्टी शुद्धीकरण, सुदृढीकरण तथा स्थानीय निर्वाचन कार्ययोजना प्रस्तुत गर्ने छन् ।

भेलामा केन्द्रीय कमिटी, केन्द्रीय निकाय, प्रदेश तथा जिल्ला कमिटीका पदाधिकारी र प्रवास कमिटीका प्रतिनिधिका साथै पालिका कमिटीका अध्यक्ष तथा उपाध्यक्ष सहभागी हुनेछन् । यसैगरी, संघीय सांसद, प्रदेशसभा सदस्य, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख र स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्षको पनि सहभागिता रहनेछ ।

स्थानीय निर्वाचन केन्द्रमा राखेर आयोजना गरिएको भेलामार्फत पार्टीको चुनावी रणनीति, सङ्गठन परिचालन र राजनीतिक सन्देशलाई तल्लो तहसम्म एकीकृत रूपमा पुऱ्याउने एमाले नेतृत्वको अपेक्षा छ । भेलाको सुरक्षा व्यवस्थापनका लागि अवकाशप्राप्त सहायक रथी विनोद पाण्डेको नेतृत्वमा सय स्वयंसेवक परिचालन गरिने आचार्यले जानकारी दिए ।

'राष्ट्रिय कार्यकर्ता भेला' तयारीबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमार्फत एमालेले २३ र २४ भदौ २०८२ मा भएको जेनजी आन्दोलनलाई लुटपाट, तोडफोड र आगजनीको घटनाका रूपमा व्याख्या गरेको छ । जेनजीले आह्वान गरेको आन्दोलनपछि एमाले नेतृत्वको सरकार सत्ताच्युत भएको थियो । त्यसपछि बनेको अन्तरिम सरकारका गतिविधि तथा विभिन्न आयोगका छानबिन प्रतिवेदनप्रति एमालेले आलोचनात्मक धारणा राख्दै आएको थियो । अन्तरिम सरकारका कतिपय गतिविधिको आलोचना गरे पनि एमाले निर्वाचनमा सहभागी भएको थियो । तर, निर्वाचनमा लज्जास्पद पराजय व्यहोरेपछि उसले निर्वाचन प्रक्रियामाथिसमेत आलोचना गर्न थालेको थियो ।

जेनजी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रम, अन्तरिम सरकारका गतिविधि र छानबिन प्रतिवेदनबारे एमालेले राख्दै आएको धारणाको पछिल्लो अभिव्यक्तिका रूपमा प्रचार विभागबाट जारी विज्ञप्तिलाई हेरिएको छ । आन्दोलनलाई राजनीतिक परिवर्तनको घटनाका रूपमा मात्र नभई लुटपाट, तोडफोड र आगजनीसँग जोडेर प्रस्तुत गर्नुले त्यसप्रति एमालेको पछिल्लो आधिकारिक दृष्टिकोणलाई थप प्रस्ट पारेको छ ।



उपत्यका
www.rajdhanidaily.com
Tuesday 17 November 2026
राजधानी

उदाउँदो सूर्यलाई अर्घ्य दिएसँगै छठ पर्व समापन

राजधानी समाचारदाता

काठमाडौं, ३० कात्तिक



उदाउँदो सूर्यलाई अर्घ्य दिएसँगै चार दिनसम्म मनाइने छठ पर्व सोमबार बिहान सम्पन्न भएको छ। सूर्यदेवको श्रद्धा र भक्तिपूर्वक आराधना गरी मनाइने यस पर्वमा व्रतालुले बिहानै नदी, पोखरी तथा जलाशयमा पुगेर उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिएका हुन्।

छठको अन्तिम दिन बिहान घाटमा गरिने पूजालाई 'भिन्सरघाट' भनिन्छ। सूर्योदयको समयमा अर्घ्य दिएर सूर्यको दर्शन गरेपछि छठ पूजा सम्पन्न हुने धार्मिक विधि छ।

सूर्यको प्रतीक्षामा व्रतालु सूर्योदय हुनुअघि नै कम्मरमुनिको भाग पानीमा डुबाएर बस्ने गर्छन्। सूर्योदय भएपछि कम्मरसम्म पानीमा डुबेर सूर्यको दर्शन गर्दै अर्घ्य दिने परम्परा छ। छठ सम्पन्न भएपछि घाटमा प्रसाद वितरण गरिन्छ।

पृथ्वीमा रहेका जीवको सञ्चालन र संरक्षण जल एवं सूर्यबाट हुने भएकाले नदीलाई माता र सूर्यलाई सम्पूर्ण शक्तिको स्रोत मानेर विशेष पूजा गर्ने धार्मिक विश्वास छ।

यो अवसरमा विवाहित महिला तथा पुरुषले सूर्यको पूजा र दर्शन गरी पति वा पत्नीको दीर्घायुको कामना गर्छन्। अविवाहिताले सुयोग्य वर वा वधु प्राप्तिको कामना गर्दै व्रत बस्ने गर्छन्। सन्तान प्राप्तिको कामनाले छठ मनाउनेको सफ्या पनि धेरै छ। यो व्रत बसे मनले चिताएको पूरा हुने भक्तजनको विश्वास छ।

कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको पर्व शुक्रबारदेखि सुरु भएको थियो। चतुर्थीका दिन स्नान गरी चोखो खाएर व्रत सुरु गरिन्छ। त्यस दिनदेखि छठ पर्व नसकिएसम्म व्रतालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरोलगायत खानेकुरा नखाने विधि छ। कार्तिक शुक्ल सप्तमीका दिन उदाउँदो सूर्यलाई पूजासहित अर्घ्य दिएपछि पर्व सम्पन्न हुन्छ।

मनोकांक्षा पूरा हुने विश्वासमा विशेषगरी महिलाले छठमा कठोर व्रत गर्ने गर्छन्। मिथिला संस्कृतिमा आधारित यो पर्व विशेषगरी तराई क्षेत्रमा मनाइन्थ्यो। २०४६ सालपछि काठमाडौंलगायत पहाडी क्षेत्रमा पनि छठ मनाउन थालिएको हो।

दुई दशकअघिसम्म पूर्वी तराई मधेसका केही जिल्लामा मात्र मनाइने छठ पर्व अहिले देशव्यापी बनेको छ। यसको विस्तारसँगै सरकारले यस वर्षदेखि कार्तिक शुक्ल सप्तमीका दिन पनि सार्वजनिक बिदा दिएको छ। छठमा सबै धर्मावलम्बी तथा समुदायको सहभागिता बढ्दै गएको छ।

संविधान संशोधनको एजेन्डा लिएर जय नेपाल पार्टी जनतामाझ जाने

राजधानी समाचारदाता

काठमाडौं, ३० कात्तिक

जय नेपाल पार्टीले संविधान संशोधनको एजेन्डासहित आँना आठबुँदे संकल्पलाई अभियानका रूपमा जनतामाझ लैजाने निर्णय गरेको छ।

पार्टी अध्यक्ष डा. ध्रुवलशम्सेर राणाको अध्यक्षतामा सोमबार केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय कार्यसमितिको आकस्मिक बैठकले संविधान संशोधनसहितका राजनीतिक तथा संस्थागत सुधारका एजेन्डालाई अभियानका रूपमा अघि बढाउने निर्णय गरेको हो।

पार्टीले गत १२ कात्तिकमा सार्वजनिक गरेको आठबुँदे संकल्पलाई जनतामाझ लैजाने निर्णय गरेको छ। संकल्पमा सुदृढ राष्ट्रियता र सार्थक प्रजातन्त्रका लागि संविधान संशोधन, आकासिँदो बजार भाउ र महँगी नियन्त्रण तथा संवैधानिक राजसंस्थासहित हिन्दु, बौद्ध र किरात धर्म समेटिएको सनातन हिन्दु अधिराज्यको स्थापना उल्लेख छ।

त्यस्तै धर्मान्तरण, गौहत्या र गाईको मासु बिक्रीमा प्रतिबन्ध, युवा तथा महिलामैत्री आर्थिक विकास र प्रविधिमा आधारित समुन्नत नेपाल निर्माणलाई पनि पार्टीले आँनो एजेन्डा बनाएको छ। बैंक, सहकारी तथा लघुवित्त पीडितलाई न्याय, अधिकारसम्पन्न स्थानीय निकाय, प्रदेश संरचनाबारे जनमत संग्रह तथा विदेशमा रहेका नेपालीलाई मताधिकार सुनिश्चित गर्ने विषय पनि संकल्पमा समेटिएका छन्। 'एक पटकको नेपाली, सधैँका लागि नेपाली' भन्ने अवधारणालाई पार्टीले अघि सारेको छ।

बैठकले दसैँ, तिहार र छठका कारण केही समय स्थगित जिल्ला कार्यसमिति गठन प्रक्रिया पुनः सञ्चालन गर्ने निर्णयसमेत गरेको छ। गठन हुन बाँकी जिल्लामा प्रक्रिया तीव्र बनाउने पार्टीको निर्णय छ।

आगामी स्थानीय तह निर्वाचनका लागि पार्टीबाट उम्मेदवार बन्न इच्छुक सक्षम र ऊर्जावान् व्यक्तिलाई सम्पर्क गर्न आह्वान गर्ने निर्णय पनि बैठकले गरेको छ। सम्भावित उम्मेदवारको नामावली देशका ७७ वटै जिल्लाबाट संकलन गरिने पार्टीले जनाएको छ। स्थानीय तह निर्वाचन गैरदलीय रूपमा सञ्चालन गर्नुपर्ने माग र बहस भइरहेका बेला पार्टीले यस विषयमा जनस्तरको राय संकलन गर्ने भएको छ। त्यसका लागि प्रदेश तहका इन्चार्ज र संयोजकलाई जिम्मेवारी दिँदै १५ दिनभित्र पार्टीमा प्रतिवेदन पेस गर्न निर्देशन दिएको छ।

अमरेशको ६० दिने मेची-महाकाली पदयात्रा सुरु

राजधानी समाचारदाता

काठमाडौं, ३० कात्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डा. अमरेशकुमार सिंहले जनताका समस्या, गुनासा र सुझाव प्रत्यक्ष रूपमा सुन्ने उद्देश्यसहित ६० दिने मेची-महाकाली पदयात्रा सुरु गरेका छन्। सोमबार जनकपुरधामस्थित जानकी मन्दिरको प्राङ्गणबाट रास्वपा सभापति रवि लामिछानेले राष्ट्रिय झन्डा हस्तान्तरण गर्दै पदयात्राको शुभारम्भ गरेका हुन्।

पदयात्रा शुभारम्भ कार्यक्रममा सभापति लामिछानेले देशमा शान्ति स्थापना, राष्ट्रिय एकता सुदृढीकरण र नेपालीबीच आपसी सद्भाव तथा भाइचारा कायम गर्नुपर्नेमा जोड दिए। शान्ति र एकताको वातावरण निर्माण गर्न नागरिकबीच भावनात्मक सम्बन्ध बलियो बनाउन आवश्यक रहेको उनको कथन छ। सांसद सिंहले देशमा शान्ति स्थापना, राष्ट्रिय एकता सुदृढीकरण तथा नेपालीबीच भावनात्मक सम्बन्ध र आपसी सद्भाव कायम गर्ने उद्देश्यले पदयात्रा सुरु गरिएको बताए।

मेचीदेखि महाकालीसम्मको यात्राका क्रममा सुरक्षा, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र सुशासनजस्ता जनजीवनसँग प्रत्यक्ष जोडिएका विषयलाई प्राथमिकतामा राखिने उनले जानकारी दिए।

६० दिनसम्म सञ्चालन हुने यात्रामा विभिन्न भौगोलिक, सामाजिक तथा सांस्कृतिक परिवेशका नागरिकसँग संवाद गरिने छ। सुरक्षा, शिक्षा, स्वास्थ्य सेवा, कृषि क्षेत्रको अवस्था, रोजगारीका अवसर र सार्वजनिक सेवामा सुशासनको अवस्थाबारे नागरिकबीचमा पुगेर बुझ्ने प्रयास गरिने भएको छ।

Qatar मा रोजगारी | COMPANY: MAGNOLIA BAKERY

PRE APPROVAL DATE: 2026/11/16 | CHALANI NO.: 60263422 | LOT NO.: 350480 | CITY: DOHA

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: QAR	मासिक तलब: ने.रु.	कामदारको न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	SERVICE AGENT	2	0	1800/-	74646/-	सम्बन्धित कामसा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष
2	DRIVERS	3	0	1800/-	74646/-								
3	WAITER	1	1	1800/-	74646/-								
4	ASST. CHEF COOK	2	2	1900/-	78793/-								
5	BAKER	3	2	1900/-	78793/-								

अन्तरवार्ता मिति २०८३/०८/०८ गते (2026/11/24) Head Office Kusunti Height Jawalakhel मा हुनेछ।

स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने मृत्यु जीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने	कामदारलाई हवाई कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षाकोष	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्ट्याम्पीड शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क
कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रु. २५९६/- कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदार आफैले	रु. १५००/- कामदार आफैले	निशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला। ५. कागमा विदेश जाँदा नेपालकै विमागस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि. श्रम इजाजत नं.: ९१०/०६७/६८

ललितपुर (कुसुन्ती हाइट, एकान्तकुना) फोन : ५४५५५३१, ५४५५६८३, ५४५५९८३, फ्याक्स : ०१ ५४५५७९४

मोबाईल नं.: माधव जी सी ९८५१०३४९०१

Saudi Arabia मा रोजगारी | COMPANY: ALUCOR ARABIA LIMITED | पूनः विज्ञापन

PRE APPROVAL DATE: 2026/04/27 | CHALANI NO.: 60254532 | LOT NO.: 340998 | CITY: KHOBAR – ZAED BIN KHATAB

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: SAR	मासिक तलब: ने.रु.	कामदारको न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	HELPER/ ORDINARY LABORERS/ LOADING & UNLOADING WORKER	50	0	1100/-	44286/-	सम्बन्धित कामसा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष

अन्तरवार्ता मिति २०८३/०८/०७ गते (2026/11/23) कपिलवस्तु – जाबेद इन्स्टिच्युटको कार्यालयमा हुनेछ।
अन्तरवार्ता मिति २०८३/०८/०८ गते (2026/11/24) HEAD OFFICE मेनपावरको कार्यालयमा हुनेछ।
अन्तरवार्ता मिति २०८३/०८/०९ गते (2026/11/25) जनकपुर – PIT ट्रेनिङ सेन्टर को कार्यालयमा हुनेछ।
अन्तरवार्ता मिति २०८३/०८/३० गते (2026/11/26) उर्लाबारी – नेमा ट्रेनिङ सेन्टर को कार्यालयमा हुनेछ।

स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने मृत्यु जीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने	कामदारलाई हवाई कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षाकोष	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्ट्याम्पीड शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क
कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रु. २५९६/- कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदार आफैले	रु. १५००/- कामदार आफैले	रु. १००००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला। ५. कागमा विदेश जाँदा नेपालकै विमागस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

स्काई ओभरसिज सर्भिसेज प्रा.लि. रजाजत नं. ९२३/०५४/५६

"Right Person in Right Place at Right Time"

प्रगति टोल, धुम्बाराही ४-काठमाण्डौं, नेपाल
फोन नं. : ०१-४३७७६६६
ईमेल: hrd@skyoverseas.com
What'sapp/Viber No: 9801045296, 9801045286

हाम्रो यस वेभसाइट: www.skyoverseas.com बाट JOB SEEKER को लागि फर्म भर्न सक्नुहुनेछ। Contact Person : Nirvana Darshan

Malaysia मा रोजगारी | COMPANY: GRANDPAPER INDUSTRIES SDN BHD | पूनः विज्ञापन

PRE APPROVAL DATE: 2026/04/06 | CHALANI NO.: 60253859 | LOT NO.: 340432 | CITY: MALAYSIA

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: MYR	मासिक तलब: ने.रु.	कामदारको न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	PRODUCTION OPERATOR	4	0	1700/-	62832/-	सम्बन्धित कामसा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छैन	छ	२ वर्ष

Malaysia मा रोजगारी | COMPANY: BARKATH CO- RO MANUFACTURING SDN BHD | पूनः विज्ञापन

PRE APPROVAL DATE: 2026/05/08 | CHALANI NO.: 60255246 | LOT NO.: 341805 | CITY: KAWASA

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: MYR	मासिक तलब: ने.रु.	कामदारको न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	GENERAL WORKER/ FACTORY WORKER	3	0	1700/-	62832/-	सम्बन्धित कामसा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता मिति २०८३/०८/०८ गते (2026/11/24) मेनपावरको कार्यालयमा हुनेछ।

स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने मृत्यु जीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने	कामदारलाई हवाई कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षाकोष	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्ट्याम्पीड शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क
कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रु. २५९६/- कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदार आफैले	रु. १५००/- कामदार आफैले	निशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला। ५. कागमा विदेश जाँदा नेपालकै विमागस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Manaslu International Services Pvt. Ltd. Gov. Lic. No. 151

Bishnu Galli, Dhumbarahi Height-04, Kathmandu, Nepal, G.P.O Box 21269, Tel: +977-01-4525081/4525082
9851240533, 9851318386, E-mail: manaslunp@hotmail.com, info@manasluint.com, Web: www.manasluint.com

Qatar मा रोजगारी | COMPANY: ALTHAHABYAH CLEANING COMPANY

PRE APPROVAL DATE: 2026/11/11 | CHALANI NO.: 60263415 | LOT NO.: 350244 | CITY: DOHA

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: QAR	मासिक तलब: ने.रु.	कामदारको न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	CLEANERS/ PUBLIC BUILDING	23	25	1000/-	41470/-	सम्बन्धित कामसा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष

अन्तरवार्ता मिति २०८३/०८/०७ गते (2026/11/23) मेनपावरको कार्यालय काठमाडौंमा हुनेछ।
अन्तरवार्ता मिति २०८३/०८/०८ गते (2026/11/24) सिपी होटल, बिर्तामोड, झापामा हुनेछ।

स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने मृत्यु जीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने	कामदारलाई हवाई कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षाकोष	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्ट्याम्पीड शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क
कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रु. २५९६/- कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदार आफैले	रु. १५००/- कामदार आफैले	निशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला। ५. कागमा विदेश जाँदा नेपालकै विमागस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

BLUE LINK PLACEMENT SOLUTION PVT. LTD. Govt. Lic. No. 1547/078/079

Airport, Kathmandu, Tel: +977-01-5913225
E : admin@bluelinkplacement.com, Website: www.bluelinkplacement.com

UAE मा रोजगारी | COMPANY: PACT EMPLOYMENT SERVICES LLC | पूनः विज्ञापन

PRE APPROVAL DATE: 2025/03/25 | CHALANI NO.: 60235111 | LOT NO.: 320864 | CITY: DUBAI

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: AED	मासिक तलब: ने.रु.	कामदारको न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	CLEANER FEMALE	0	35	1200/-	49368/-	सम्बन्धित कामसा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष
2	CLEANER MALE	46	0	1100/-	45254/-								

अन्तरवार्ता मिति २०८३/०८/०८ गते (2026/11/24) मेनपावरको कार्यालयमा हुनेछ।

स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने मृत्यु जीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने	कामदारलाई हवाई कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षाकोष	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्ट्याम्पीड शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क
कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रु. २५९६/- कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदार आफैले	रु. १५००/- कामदार आफैले	निशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला। ५. कागमा विदेश जाँदा नेपालकै विमागस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Govt. License 1706/081/82

Golden Crown Overseas Pvt. Ltd.

Sinamangal, Kathmandu, Nepal, Phone: +977-15922362 |
Email: info@gcopl.com, Web: www.gcopl.com
Contact Person—Bhisma Raj Sitaula-9801094766

REGISTER NOW

Qatar मा रोजगारी | COMPANY: KAEFER COMPANY W. L. L | पूनः विज्ञापन

PRE APPROVAL DATE: 2026/08/19 | CHALANI NO.: 60259905 | LOT NO.: 346095 | CITY: QATAR

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: QAR	मासिक तलब: ने.रु.	कामदारको न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	SCAFFOLDER	13	0	1100/-	45617/-	सम्बन्धित कामसा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष

अन्तरवार्ता मिति २०८३/०८/०८ गते (2026/11/24) मेनपावरको कार्यालयमा हुनेछ।

स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने मृत्यु जीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने	कामदारलाई हवाई कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षाकोष	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्ट्याम्पीड शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क
कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रु. २५९६/- कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदार आफैले	रु. १५००/- कामदार आफैले	निशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला। ५. कागमा विदेश जाँदा नेपालकै विमागस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

यूनाईटेड ईन्टरनेशनल म्यानपावर प्रा.लि. Govt. Lic. No.: 434/060/061

पुलचोक, ललितपुर, फोन नं. ०१ ५१५३३३२, ५१५३३३०, Email: documentunitedint@gmail.com

UAE मा रोजगारी | COMPANY: EXEED PRECAST- SOLE PROPRIETORSHIP LLC | पूनः विज्ञापन

PRE APPROVAL DATE: 2026/05/13 | CHALANI NO.: 60255410 | LOT NO.: 342047 | CITY: UAE, ABU DHABI

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: AED	मासिक तलब: ने.रु.	कामदारको न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	ASSISTANT STEEL FIXTURE	47	0	1200/-	49368/-	सम्बन्धित कामसा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष
2	ASSISTANT MASON	64	0	1200/-	49368/-								

अन्तरवार्ता मिति २०८३/०८/०८ गते (2026/11/24) मेनपावरको कार्यालयमा हुनेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल ख

विकास र सुशासनमा राष्ट्रिय विकास सेवा

■ शिक्षालाई समाजसँग जोड्ने नेपालको एउटा बिर्सन नहुने अभियान

- विसं २०४६ को राजनीतिक परिवर्तनबाट स्थापित दलगत लोकतन्त्रका पक्षधर राजनीतिक दल पहिले राष्ट्रिय विकास सेवाका प्रशंसक थिए र यो कार्यक्रम बन्द भएकोमा सरकारको व्यापक विरोधमा उत्रिएका थिए ।

- राजनीतिक परिवर्तनपछि स्थापित लोकतान्त्रिक सरकारले तत्कालीन राष्ट्रिय विकास सेवा (एनडीएस)लाई प्रतिस्थापन गर्ने उद्देश्यले संयुक्त राष्ट्रसंघको सहकार्यमा विसं २०५६ मा राष्ट्रिय विकास स्वयंसेवा (नेसनल डेभलपमेन्ट भोलुन्टियर सर्भिस-एनडीभीएस) सुरु गरेको थियो । अघिल्लो राष्ट्रिय विकास सेवाका उपलब्धि, अनुभव र सिकाइको गम्भीर समीक्षा तथा पर्याप्त अध्ययन नगरी नयाँ कार्यक्रम तदर्थ आधारमा सञ्चालन गरियो ।

- नेपालको समस्या स्रोत र अवसर अभाव होइन । उपलब्ध अवसर र स्रोतसाधनलाई एकीकृतरूपमा परिचालन गर्ने इमानदारी, राष्ट्रिय सोच, स्पष्ट रणनीति र परिणाममुखी नेतृत्वको अभाव हो । त्यसैले अबको विकासको मापदण्ड बजेट खर्च होइन, प्राप्त परिणाम हुनुपर्छ । पूर्वाधार निर्माणमात्र होइन, त्यसबाट उत्पादन र रोजगारी सिर्जना हुनुपर्छ ।

- युवालाई विदेश पठाएर पलायन गराउने होइन, उनीहरूको सीप, ज्ञान र क्षमतालाई विश्व बजारमा उपयोग गर्ने वातावरण निर्माण गर्नुपर्छ । प्रवासी नेपालीबाट विप्रेषण मात्र होइन, ज्ञान, लगानी, प्रविधि, उद्यमशीलता र अन्तर ाष्ट्रिय सञ्जाल पनि नेपाल भित्र्याउनुपर्छ ।

- अधिकार र स्रोत स्थानीय तहमा हस्तान्तरण हुँदैमा मात्र विकासले अपेक्षित गति लिन सकेन । धेरै ठाउँमा स्थानीय नेतृत्वमा दीर्घकालीन विकास सोच, प्राथमिकता निर्धारण र नवीन सोचको अभाव देखियो भने कर्मचारीतन्त्रमा पनि विकासको परिणामभन्दा बजेट खर्चको कागजी नियमितता र प्रक्रिया पूरा गर्ने प्रवृत्ति हावी रह्यो ।

- युवालाई विदेश पठाएर पलायन गराउने होइन, उनीहरूको सीप, ज्ञान र क्षमतालाई विश्व बजारमा उपयोग गर्ने वातावरण निर्माण गर्नुपर्छ । प्रवासी नेपालीबाट विप्रेषण मात्र होइन, ज्ञान, लगानी, प्रविधि, उद्यमशीलता र अन्तर ाष्ट्रिय सञ्जाल पनि नेपाल भित्र्याउनुपर्छ ।

- संघीय सरकारले प्रदेश र स्थानीय तहलाई बजेट र अधिकार हस्तान्तरण गरे पनि 'कति बजेट खर्च गर्ने ?'भन्दा 'कस्तो आर्थिक मूल्य सिर्जना गर्ने?' भन्ने विकास सोच स्थापित गर्नुपर्छ । अब नेपालको विकास बहस 'कति किलोमिटर सडक बन्यो ?' भन्दा 'त्यो सडकले कति उत्पादन र रोजगारी बढायो?', 'कति भवन बने?'भन्दा 'ती पूर्वाधारले नागरिकको जीवन र स्थानीय अर्थतन्त्रमा कति परिवर्तन ल्याए?' र 'कति बजेट खर्च भयो?'भन्दा 'त्यसबाट कति आर्थिक तथा सामाजिक प्रतिफल प्राप्त भयो?' भन्ने प्रश्नतर्फ केन्द्रित हुनुपर्छ ।



विश्व उलक

काठमाडौं, ३० कात्तिक

विकसित देशले निश्चित तहको शिक्षा पूरा गरेपछि विद्यार्थीलाई किताबी ज्ञानमै सीमित नराखी वास्तविक जीवन, कार्यक्षेत्र र समुदायसँग जोडेर व्यावहारिक अनुभव प्राप्त गर्ने अवसर प्रदान गर्दै आएका छन् । स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा अध्ययन, अनुसन्धान, स्वयंसेवा, कार्यानुभव र सामुदायिक सेवाजस्ता कार्यक्रमलाई शिक्षाकै अभिन्न अंग बनाउने यस अभ्यासबाट विद्यार्थीमा ज्ञानसँगै सीप, जिम्मेवारी, आत्मविश्वास र सामाजिक चेतनाको विकास हुन्छ ।

यस्ता कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थीलाई आफ्नै देशको सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक तथा विकाससम्बन्धी वास्तविकता प्रत्यक्ष बुझ्ने अवसर दिनुका साथै बदलिँदो अन्तर्राष्ट्रिय परिवेशसँग परिचित गराउनु हो । कक्षाकोठामा सिकेको ज्ञान व्यवहारमा प्रयोग गर्दा विद्यार्थीले समस्या पहिचान गर्ने, समाधान खोज्ने, विभिन्न समुदायसँग सहकार्य गर्ने र नेतृत्व क्षमता विकास गर्ने अवसर प्राप्त गर्छन् ।

अन्तर्राष्ट्रिय क्षेत्रमा पिसकर्प्स, एसियाली विकास बैंक, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमलगायतका संस्थागत कार्यक्रमहरूले युवालाई विभिन्न देश र समुदायमा स्वयंसेवा तथा व्यावहारिक अनुभव प्राप्त गर्ने अवसर प्रदान गर्दै आएका छन् । यसबाट विद्यार्थी तथा युवाले आफ्नो ज्ञान र सीप समुदायको विकासमा प्रयोग गर्नुका साथै फरक समाज, संस्कृति र जीवनपद्धतिबाट सिक्ने अवसर पाउँछन् ।

नेपालले पनि उच्च शिक्षालाई किताबी ज्ञानसँगै व्यावहारिक शिक्षासँग जोड्ने सोचसहित २०२८ सालको नयाँ शिक्षा योजनामार्फत सुरु गरेको सबैभन्दा सकारात्मक र दूरगामी महत्त्वको कार्यक्रम कुन थियो भनेर प्रश्न गर्ने हो भने मेरो विचारमा त्यसको उत्तर राष्ट्रिय विकास सेवा नेसनल डेभलपमेन्ट सर्भिस (एनडीएस) हुन सक्छ ।

राष्ट्रिय विकास सेवाअन्तर्गत स्नातकोत्तर तहका विद्यार्थीलाई आफ्नो अध्ययनको महत्त्वपूर्ण हिस्सा पूरा गर्न ग्रामीण क्षेत्रमा काम गर्न पठाइन्थ्यो । यसको उद्देश्य केवल गाउँमा दस महिना काम गराउनु थिएन । यसको मूल उद्देश्य थियो- विद्यार्थीले देशलाई किताबबाट होइन, जनताको जीवनबाट चिनून् । त्यसैले राष्ट्रिय विकास सेवा एक अर्थमा नेपालको उच्च शिक्षामा प्रयोग गरिएको 'सेवा गर्दै सिक्ने' अवधारणा थियो ।

विद्यार्थीलाई गाउँका विद्यालय वा क्याम्पसमा शिक्षकको दरबन्दीअनुसार आफ्नो अध्ययनको विषयसँग सम्बन्धित कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइएको हुन्थ्यो । बाँकी समयमा उनीहरू तत्कालीन गाउँ पञ्चायतका प्रधानपञ्चसँग समन्वय गरी विकासका काममा सहभागी हुन्थे ।

गाउँमा पुगेर स्थानीय शिक्षक, विद्यार्थी, किसान, महिला, बालबालिका, स्वास्थ्यकर्मी र समुदायसँग प्रत्यक्ष सम्पर्कमा आउँथे । उनीहरूले ग्रामीण समाजका वास्तविक समस्या देख्थे र आफूले विश्वविद्यालयमा सिकेको ज्ञानलाई स्थानीय आवश्यकताअनुसार प्रयोग गर्ने प्रयास गर्थे । विद्यार्थीको ज्ञानलाई व्यवहारसँग जोड्नुका साथै गाउँ र विश्वविद्यालयबीच प्रत्यक्ष सम्बन्ध निर्माण गरेको थियो । राष्ट्रिय विकास सेवाको सबैभन्दा महत्त्वपूर्ण पक्ष के थियो भने यसबाट गाउँले मात्र लाभान्वित भएका थिएनन्, स्वयं विद्यार्थी पनि रूपान्तरित हुन्थे ।

विद्यार्थीमा सामाजिक उत्तरदायित्व, नेतृत्व क्षमता, अनुशासन, आत्मनिर्भरता र सेवाभाव विकास गर्न सहयोग पुऱ्यायो ।

ऐतिहासिक अध्ययनका आधारमा राष्ट्रिय विकास सेवालाई ग्रामीण विकाससँगै युवामा सार्वजनिक सेवा र राष्ट्र निर्माण भावना विकास गर्ने अभ्यासका रूपमा मूल्यांकन गर्न सकिन्छ । विसं २०३० देखि २०३७ सम्म करिब तीन हजार विद्यार्थी यस कार्यक्रममा सहभागी भएको उल्लेख पाइन्छ ।

यसबाट विकास हुँदै गएको सामाजिक चेतना र प्राप्त परिणाम तत्कालीन शासकहरूको व्यक्तिगत स्वार्थअनुकूल हुन सकेनन् । परिणामतः विभिन्न कारण र बहानामा, खासगरी आर्थिक भार देखाएर सात वर्षमै राष्ट्रिय विकास सेवा बन्द गरियो । यसले जगाएको सामाजिक चेतनाले गाउँगाउँमा अहिंसात्मक र सकारात्मक राजनीतिक चेतनाको ज्योति बाल्यो । यसैको प्रभावस्वरूप २० वैशाख २०३७ शुक्रबार जनमतसंग्रह भयो ।

नेपालको इतिहासमा भएका हरेक राजनीतिक परिवर्तनमा हिंसा, आगजनी, विध्वंस तथा सरकारी पक्षबाट व्यापक धरपकड र दमन भएका छन् । तर, २०३७ सालको जनमतसंग्रह शान्तिपूर्णरूपमा सम्पन्न भयो । यसको श्रेय तत्कालीन राजा वीरेन्द्रलाई पनि दिन सकिन्छ, जसले अर्को सानो आन्दोलनलाई सम्मान गर्दै विसं २०४६ मा बहुदलीय व्यवस्थाको घोषणा गरे । त्यसपछिका वि.सं. २०५२ देखि सुरु भएको दसवर्षे हिंसात्मक द्वन्द्व र विसं २०८२ को दुईदिने विध्वंसात्मक आन्दोलनले नेपाली समाजको चेतना र सभ्यतामा नकारात्मकताको प्रभाव बढाए । देशको विकासलाई कैयौं दशक पछाडि धकेलियो ।

विसं २०४६ को राजनीतिक परिवर्तनबाट स्थापित दलगत लोकतन्त्रका पक्षधर राजनीतिक दल पहिले राष्ट्रिय विकास सेवाका प्रशंसक थिए र यो कार्यक्रम बन्द भएकोमा सरकारको व्यापक विरोधमा उत्रिएका थिए । राजनीतिक परिवर्तनपछि स्थापित लोकतान्त्रिक सरकारले तत्कालीन राष्ट्रिय विकास सेवा (एनडीएस)लाई प्रतिस्थापन गर्ने उद्देश्यले संयुक्त राष्ट्रसंघको सहकार्यमा विसं २०५६ मा राष्ट्रिय विकास स्वयंसेवा (नेसनल डेभलपमेन्ट भोलुन्टियर सर्भिस-एनडीभीएस) सुरु गरेको थियो । तर अघिल्लो राष्ट्रिय विकास सेवाका उपलब्धि, अनुभव र सिकाइको गम्भीर समीक्षा तथा पर्याप्त अध्ययन नगरी नयाँ कार्यक्रम तदर्थ आधारमा सञ्चालन गरियो ।

कार्यक्रमको एउटा प्रमुख कमजोरी के थियो भने राष्ट्रिय विकास स्वयंसेवालाई राष्ट्रिय शिक्षा पाठ्यक्रमसँग औपचारिक रूपमा जोडिएको थिएन । परिणामस्वरूप कार्यक्रम क्रमशः राजनीतिक हस्तक्षेप र दलीय स्वार्थको प्रभावमा पऱ्यो । राजनीतिक दलसँग आबद्ध कार्यकर्तालाई रोजगारी वा अवसर प्रदान गर्ने माध्यमका रूपमा कार्यक्रम प्रयोग गरिएको भन्ने आलोचना भयो । राष्ट्रिय सेवाको निष्पक्षताको मूल भावनालाई कमजोर बनायो, जनविश्वासमा असर पुऱ्यायो र शिक्षित युवालाई समुदायको विकासमा परिचालन गर्ने यसको मूल उद्देश्यबाट कार्यक्रम क्रमशः विचलित भयो ।

बाह्र वर्षको अवधिमा प्राविधिक विषयमा स्नातक उत्तीर्ण आठ हजार आठ सय नब्बे जना तलबभोगी स्वयंसेवक परिचालन गरिए पनि त्यसबाट परिणाममुखी उपलब्धि हासिल भएको देखिएन । यसले ठूलो मात्रामा जनशक्ति र सार्वजनिक स्रोत परिचालन गर्दा पनि कार्यक्रमको प्रभावकारिता, उपलब्धि र दिगोपनबारे गम्भीर प्रश्न उठायो । विसं २०६८ मा यो कार्यक्रम औपचारिकरूपमा बन्द भयो ।

विसं २०७२ को नेपालको संविधानले विकासको जिम्मेवारी स्थानीय तहसम्म पुऱ्याउने उद्देश्यअनुरूप प्रदेश र पालिका तहलाई बजेट विनियोजन, निकासा, खर्च तथा विकास आयोजना सञ्चालन गर्ने अधिकार प्रदान गऱ्यो । यसले स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा विकासको नेतृत्व गर्ने महत्त्वपूर्ण अवसर सिर्जना गऱ्यो ।

अधिकार र स्रोत स्थानीय तहमा हस्तान्तरण हुँदैमा मात्र विकासले अपेक्षित गति लिन सकेन । धेरै ठाउँमा स्थानीय नेतृत्वमा दीर्घकालीन विकास सोच, प्राथमिकता निर्धारण र नवीन सोचको अभाव देखियो भने कर्मचारीतन्त्रमा पनि विकासको परिणामभन्दा बजेट खर्चको कागजी नियमितता र प्रक्रिया पूरा गर्ने प्रवृत्ति हावी रह्यो ।

फलस्वरूप विकास बजेटको ठूलो हिस्सा उपयोगिता र आर्थिक प्रतिफलभन्दा परम्परागत भौतिक पूर्वाधार निर्माणमा सीमित रहयो- गाडी नै नचल्ने ठाउँमा सडक निर्माण, परम्परागत सिँचाइ, ढल, भवन, सानातिना मन्दिर तथा अन्य संरचना निर्माणमा बजेट खर्च भए । तर, यस्ता लगानीलाई उत्पादन, रोजगारी, उद्यमशीलता, पर्यटन र स्थानीय अर्थतन्त्रसँग जोड्ने समग्र विकास सोच कमजोर रह्यो । संघीयताको प्रारम्भिक चरणमा उपभोक्ता समितिमार्फत करोडौं रुपैयाँका विकास निर्माणका काम सञ्चालन गरिए ।

कतिपय स्थानमा वास्तविक आवश्यकता र दीर्घकालीन उपयोगिताभन्दा कागजी विकास तथा देखावटी खर्चमार्फत बजेट सक्ने प्रवृत्ति देखियो । बजेट दुरुपयोग रोक्ने उद्देश्यले ठेक्का प्रणाली लागू गरिए पनि कतिपय स्थानीय तहले एक लाख रुपैयाँजस्तो सानो कामसमेत ठेक्कामार्फत सञ्चालन गर्न थाले, जसले स्थानीय श्रम, सीप, सहभागिता र समुदायको स्वामित्वलाई कमजोर बनायो ।

यसैगरी, सार्वजनिक लेखापरीक्षण र सामाजिक जवाफदेहिताका अभ्यास पनि कतिपय ठाउँमा औपचारिकतामा सीमित भए । आयोजना छनोटको आधार, बजेटको पूर्ण विवरण, खर्च, लाभग्राही र प्राप्त परिणामबारे नागरिकलाई पर्याप्त सूचना उपलब्ध गराउनेभन्दा सार्वजनिक सुनुवाइ तथा लेखापरीक्षणलाई कर्मकाण्ड पूरा गर्ने प्रक्रियाका रूपमा लिने प्रवृत्ति बढ्यो ।

जनताको वास्तविक आवश्यकता र सहभागितालाई प्राथमिकता नदिई नेताहरूको व्यक्तिगत पहुँच, प्रभाव वा दलीय अहंकारका आधारमा योजना छनोट, बजेट विनियोजन तथा खर्च हुने अवस्था आउँदा जनताले आफ्नै विकासप्रति अपनत्व लिनसमेत हिचकिचाउने अवस्था देखियो ।

विकासको मूल उद्देश्य जनताको आवश्यकता, सहभागिता, उत्पादन र समृद्धि हुनुपर्नेमा 'बजेट खर्च गर्ने' प्रवृत्ति हावी भयो । विकासको सफलता 'बजेट कति खर्च भयो?' भन्ने प्रश्नबाट मापन हुन थाल्यो । जबकि वास्तविक प्रश्न हुनुपर्ने थियो- त्यसबाट कति उत्पादन बढ्यो, कति रोजगारी सिर्जना भयो, स्थानीय आय कति बढ्यो र कति आर्थिक तथा सामाजिक मूल्य सिर्जना भयो ?

यही कमजोरीलाई सम्बोधन गर्न योजना छनोट, बजेट निर्माण, आयोजना सञ्चालन र परिणाम मूल्यांकनको सम्पूर्ण प्रक्रियामा समुदाय तथा गाउँलेलाई अर्थपूर्णरूपमा सहभागी गराउने स्वतन्त्र र निष्पक्ष संयन्त्रको आवश्यकता देखिन्छ । यस सन्दर्भमा राष्ट्रिय विकास सेवाजस्तो स्वतन्त्र, गैरदलीय र ज्ञानमा आधारित संयन्त्रलाई नयाँ स्वरूपमा पुनःस्थापित गर्न सकिन्छ ।

विश्वविद्यालयका विद्यार्थी, प्राविधिक, विकास विज्ञ तथा स्थानीय समुदायलाई जोडेर यस्तो संयन्त्रले स्थानीय आवश्यकताको पहिचान, योजना छनोट, स्रोत परिचालन, आयोजना अनुगमन, सामाजिक लेखापरीक्षण र परिणाम मूल्याङ्कनमा सहयोग गर्न सक्छ ।

सञ्चार प्रविधिले मानव जीवनलाई सहज, सरल र सुविधाजनक बनाएको छ । तर, वर्तमान सरकारले विदेशी अभ्यासको अन्धानुकरण गर्दै नेपालको सामाजिक, आर्थिक र सांस्कृतिक धरातलको वास्तविकतालाई पर्याप्त ध्यान नदिई प्रविधिमाथि अत्यधिक निर्भरता बढाएको देखिन्छ ।

अमेरिका र युरोपका अनुभवले पनि प्रविधिको अधिकतम प्रयोग मात्रले मानवका इच्छा र आकाङ्क्षालाई असीमित बनाउँदै माग र आपूर्तिबीच असन्तुलन सिर्जना गर्न सक्छ भन्ने संकेत गर्छन् । यस्तो असन्तुलनले समाजमा असन्तुष्टि र अशान्ति बढाउन सक्छ । नेपालका लागि सञ्चार प्रविधि केवल आधुनिकताको प्रतीक नभई शिक्षा, सामाजिक चेतना, सुशासन र मानवीय विकासको प्रभावकारी माध्यम बन्नुपर्छ ।

सरकारले प्रविधिलाई नेपालको मौलिकता, स्थानीय आवश्यकता र सामाजिक यथार्थसँग जोड्दै शिक्षाको गुणस्तर सुधार, सामाजिक सद्भाव अभिवृद्धि र समावेशी विकासमा उपयोग गर्न सकेमा मात्र दिगो शान्ति र समृद्धिको यात्रामा उल्लेखनीय फड्को मार्न सकिन्छ । प्रविधि साधन हो, साध्य होइन । यसको वास्तविक सफलता मानव कल्याण, सामाजिक सद्भाव र दिगो विकासमा प्रतिबिम्बित हुनुपर्छ ।

अबको आवश्यकता

'सरकारसँग बजेटमात्र होइन, विकासको सोच चाहिन्छ । जनतासँग गुनासो मात्र होइन, विकासमा अर्थपूर्ण सहभागिता चाहिन्छ । विकाससँग खर्च मात्र होइन, मापनयोग्य परिणाम चाहिन्छ ।' यसका लागि राष्ट्रिय विकास सेवा संयन्त्रलाई राष्ट्रिय शिक्षा प्रणाली तथा मानव संसाधनलगायत राष्ट्रिय स्रोतसाधनसँग समन्वय गरी तिनको प्रभावकारी परिचालन र उत्पादनशील उपयोग गर्न सक्ने क्षमतासँग जोड्नुपर्छ ।

वास्तवमा नेपाल आज इतिहासकै महत्त्वपूर्ण अवसरको मोडमा छ । नेपाल विश्वका दुई विशाल बजार भारत र चीनको बीचमा अवस्थित छ । डिजिटल अर्थतन्त्रको तीव्र विस्तार भइरहेको छ । नेपाल उपनिवेशको ऐतिहासिक बोझबाट मुक्त स्वतन्त्र देश हो । कसैसँग शत्रुता नभएको खुला लोकतान्त्रिक राष्ट्रका रूपमा आफ्नो अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न सक्छ । यसको भूराजनीतिक अवस्थिति विश्वका प्रमुख शक्तिराष्ट्रहरूको चासोको केन्द्रमा छ । जलस्रोत, हिमाल, जैविक विविधता र प्राकृतिक सम्पदादेखि संस्कृति र सम्पदासम्म नेपालसँग अनुपम सम्भावना छ ।

विश्वभर फैलिएको विशाल नेपाली प्रवासी समुदायको पुँजी, सीप, प्रविधि, ज्ञान र अन्तर्राष्ट्रिय सञ्जाल महत्त्वपूर्ण स्रोत बन्न सक्छ । ठूलो युवा जनसंख्या, अंग्रेजी तथा अन्य अन्तर्राष्ट्रिय भाषामा काम गर्न सक्ने बढ्दो दक्ष जनशक्ति तथा डिजिटल प्रविधिको पहुँचले नेपाललाई विश्वव्यापी ज्ञान तथा सेवा अर्थतन्त्रमा प्रवेश गर्ने अवसर दिएको छ । त्यसमाथि नेपाल सरकार, बैंक तथा वित्तीय प्रणालीमा निष्क्रिय वा अपचलनमा रहेको ठूलो वित्तीय स्रोतलाई उत्पादन, रोजगारी, उद्यमशीलता, प्रविधि र निर्यातमुखी क्षेत्रमा लगानी गर्न सके विकासको नयाँ चक्र सिर्जना गर्न सकिन्छ ।

संघीय सरकारबाट यी अवसरलाई एकीकृत राष्ट्रिय विकास रणनीतिमा रूपान्तरण गर्ने दूरदर्शी सोच, स्पष्ट प्राथमिकता र परिणाममुखी कार्ययोजनाको खोजी भएको देखिँदैन । नयाँ सरकार पनि विकास बजेटको ठूलो हिस्सा भौतिक विकासमा खर्च गर्न उद्यत रहेको छ ।

संघीय सरकारले प्रदेश र स्थानीय तहलाई बजेट र अधिकार हस्तान्तरण गरे पनि 'कति बजेट खर्च गर्ने ?'भन्दा 'कस्तो आर्थिक मूल्य सिर्जना गर्ने ?' भन्ने विकास सोच स्थापित गर्नुपर्छ । अब नेपालको विकास बहस 'कति किलोमिटर सडक बन्यो?' भन्दा 'त्यो सडकले कति उत्पादन र रोजगारी बढायो?', 'कति भवन बने?'भन्दा 'ती पूर्वाधारले नागरिकको जीवन र स्थानीय अर्थतन्त्रमा कति परिवर्तन ल्याए?' र 'कति बजेट खर्च भयो?'भन्दा 'त्यसबाट कति आर्थिक तथा सामाजिक प्रतिफल प्राप्त भयो?' भन्ने प्रश्नकेन्द्रित हुनुपर्छ ।

नेपालले अब उपभोगमुखी विकासभन्दा उत्पादन, रोजगारी, उद्यमशीलता र नवीन सोचमा आधारित विकासलाई प्राथमिकता दिन आवश्यक छ । संघीय सरकार पथप्रदर्शक, स्रोत परिचालक, अभिभावक र पहरेदार हुनुपर्छ । प्रत्येक प्रदेश र स्थानीय तहले आफ्नो विशिष्ट आर्थिक सम्भावना पहिचान गरी स्पष्ट विकास पहिचान निर्माण गर्नुपर्छ ।

कुनै क्षेत्र कृषि तथा प्रशोधन केन्द्र, कुनै पर्यटनको, कुनै सूचना प्रविधि तथा विद्युतीय सेवाको, कुनै जलविद्युत् तथा हरित ऊर्जाको, कुनै सांस्कृतिक सम्पदा र सिर्जनात्मक उद्योगको तथा कुनै विशेष उत्पादन र निर्यातको केन्द्र बन्न सक्छ । यसका लागि स्थानीय सरकारसँग रहेको स्रोत र अधिकारलाई विश्वविद्यालयको ज्ञान, युवाको सीप र ऊर्जा, निजी क्षेत्रको लगानी तथा बजार, र प्रवासी नेपाली समुदायको पुँजी, प्रविधि तथा अन्तर्राष्ट्रिय सञ्जालसँग जोड्न आवश्यक छ । यही सन्दर्भमा नयाँ राष्ट्रिय विकास सेवालाई पुनः सञ्चालन गरी विश्वविद्यालयका विद्यार्थीलाई संघीय, प्रादेशिक र स्थानीय तहका वास्तविक विकास आवश्यकतासँग जोड्नुपर्छ ।

नेपालको समस्या स्रोत र अवसर अभाव होइन । उपलब्ध अवसर र स्रोतसाधनलाई एकीकृतरूपमा परिचालन गर्ने इमानदारी, राष्ट्रिय सोच, स्पष्ट रणनीति र परिणाममुखी नेतृत्वको अभाव हो । त्यसैले अबको विकासको मापदण्ड बजेट खर्च होइन, प्राप्त परिणाम हुनुपर्छ । पूर्वाधार निर्माण मात्र होइन, त्यसबाट उत्पादन र रोजगारी सिर्जना हुनुपर्छ । युवालाई विदेश पठाएर पलायन गराउने होइन, उनीहरूको सीप, ज्ञान र क्षमतालाई विश्व बजारमा उपयोग गर्ने वातावरण निर्माण गर्नुपर्छ । प्रवासी नेपालीबाट विप्रेषण मात्र होइन, ज्ञान, लगानी, प्रविधि, उद्यमशीलता र अन्तर्राष्ट्रिय सञ्जाल पनि नेपाल भित्र्याउनुपर्छ ।

नेपालको इतिहासमा राष्ट्रिय विकास सेवाले अभूतपूर्व योगदान र परिणाम दिएको अनुभवलाई अबको विकास प्रक्रियामा पनि उपयोग गर्न सकिन्छ । पुनर्स्थापित राष्ट्रिय विकास सेवाको संलग्नता संघ, प्रदेश र स्थानीय तहसम्म सुनिश्चित गर्न सकेमा माथि उल्लेखित सबै पक्षबीच प्रभावकारी समन्वय कायम गर्न सकिन्छ । यसले विकासका प्रयासलाई एकीकृत, परिणाममुखी र जनउत्तरदायी बनाउँदै देशमा परिवर्तनका नाममा हुने हिंसात्मक र विध्वंसात्मक आन्दोलनको अन्त्य गरी सभ्य समाजको स्थापना गर्नसमेत योगदान पुऱ्याउन सक्छ ।

डडेल्धुरामा धार्मिक मेला–जाँतको रौनक



सम्झना पाण्डेय/राजधानी

डडेल्धुरा, ३० कात्तिक

तिहार सकिएसँगै डडेल्धुराका गाउँबस्तीमा परम्परागत धार्मिक मेला तथा जाँतको रौनक सुरु भएको छ । मानसखण्डमा समेत महिमा वर्णन गरिएको शैलेश्वर महादेवको पूजाआजाबाट सुरु भएको मेला-जाँतको क्रम कैलपाल देवताको प्रसिद्ध जाँतसम्म पुगेको छ ।

भगवान् शिवसँग जोडिएको पौराणिक धार्मिक इतिहासदेखि तरबार र भालासहित खेलिने परम्परागत चौलोसम्म डडेल्धुराका जाँतका प्रमुख आकर्षण हुन् ।

तिहारपछि अमरगढी नगरपालिकामा लाग्ने पहिलो प्रमुख धार्मिक जाँतका रूपमा शैलेश्वर महादेवको मेला मनाइन्छ । अमरगढी नगरपालिका-७ र ८ तथा नवदुर्गा गाउँपालिका-१ को सिमानामा रेणुका र शैल्य नदीको किनारमा रहेको शैलेश्वर महादेव मन्दिरमा प्रत्येक वर्ष कात्तिक शुक्ल सप्तमीको राति विशेष पूजाआजा र अष्टमीको बिहान मेला लाग्ने परम्परा छ ।

मानसखण्डलगायत हिन्दु धर्मका विभिन्न ग्रन्थमा शैलेश्वर क्षेत्रको धार्मिक महिमा वर्णन गरिएको आचार्य जयप्रसाद जोशी बताउँछन् । धार्मिक आख्यानअनुसार कैलाश पर्वतबाट विहारका लागि निस्किएका भगवान् शिव र माता पार्वतीको यस क्षेत्रमा भेट भएको थियो । माता पार्वती अलप भएपछि खोजीमा निस्किएका हिमालय राजाले यस क्षेत्रमा ज्योतिर्लिंग स्थापना गरेको धार्मिक विश्वास छ ।

हिमालय राजाले स्वयं स्थापना गरेको तीर्थस्थलका रूपमा परिचित शैलेश्वरमा शिव, पार्वती, गणेश र कार्तिकेयसँग सम्बन्धित पञ्चलिंगको समेत धार्मिक महत्त्व छ । मानसरोवरको दर्शन गर्नु र शैलेश्वरको दर्शन गर्नुमा कुनै फरक नरहेको धार्मिक मान्यता रहेको आचार्य जोशी बताउँछन् ।

शैलेश्वर महादेवलाई मसानवासी महादेवका रूपमा समेत पूजा गर्ने गरिन्छ । नदी किनारको मसानघाट क्षेत्रमा अवस्थित मन्दिरको घाटलाई अमरगढी नगरपालिका, नवदुर्गा र अजयमेरु गाउँपालिका-१ का गरी ४० भन्दा बढी गाउँका बासिन्दाले मसानघाटका रूपमा प्रयोग गर्दै आएका छन् । त्यसैले शैलेश्वर महादेवको धार्मिक सम्बन्ध स्थानीयको जन्मदेखि मृत्युसम्म जोडिएको छ ।

मन्दिरमा साँकी परिवारको परम्परागत गात (गोप्यगृह) पुजारी व्यवस्था रहँदै आएको छ । पछिल्लो पुस्तामा परम्परागत धार्मिक विधिलाई निरन्तरता दिन नसकिएपछि करिब ४१ वर्षदेखि गातको सट्टा पातलीबाट पूजाआजा हुँदै आएको छ । विभिन्न भट्ट र पन्त परिवारले पनि मन्दिरको पूजाआजामा जिम्मेवारी निर्वाह गर्दै आएका छन् ।

शैलेश्वरको पूजाआजासँगै अमरगढी नगरपालिका-७ स्थित सल्ला गाउँको देउखले मन्दिरमा समेत विशेष धार्मिक गतिविधि हुने गर्छ । यसले आसपासका गाउँबस्तीमा जाँतको रौनक थप्ने गरेको छ ।

शैलेश्वर महादेवको पूजाआजासँगै सुरु भएको धार्मिक मेला-जाँतको अर्को महत्त्वपूर्ण आकर्षण गन्यापधुरा गाउँपालिका-४ स्थित कैलपाल माण्डौंको जाँत हो । सयौं वर्ष पुरानो धार्मिक तथा सांस्कृतिक इतिहास बोकेको कैलपाल देवताको जाँत २९ कात्तिक राति रतेडी तथा सोमबार दिउँसो दिउँसोडीका रूपमा सञ्चालन गरिएको छ । डडेल्धुरासहित कैलाली, कञ्चनपुर र भारतको सिडहाई क्षेत्रबाट समेत श्रद्धालु भक्तजन कैलपाल देवताको दर्शन तथा जाँतमा सहभागी हुन आउने गर्छन् ।

स्थानीय जनश्रुतिअनुसार भारतको कुमाउँ-कनोज राज्यबाट जयदास पनेरुसँगै कैलपाल देवता र कालीकी घाट यस क्षेत्रमा आएका थिए । उनै जयदास पनेरुको नामबाट जैसेरा गाउँको नामकरण भएको जनविश्वास छ । देवतासँगै ल्याइएको भनिने कालीकी घाट अहिले पनि देवघर अर्थात् भण्डारमा सुरक्षित रहेको पुजारी कृष्णदत्त भट्टले बताए ।

कैलपाल देवताका सात भाइ रहेको धार्मिक मान्यता छ । कैलपाल, दौपाल, सौपाल, निरपाल, उपरपाल, अजयपाल र बाँटपालका नामबाट परिचित देवताका भण्डार मेड्डी, चौतमला र डाँडामा रहेका छन् । प्रत्येक वर्ष पालैपालो फरक-फरक भण्डारमा देउरो राख्ने परम्परा छ ।

कैलपाल जाँतको सबैभन्दा विशिष्ट सांस्कृतिक पक्ष परम्परागत चौलो खेल हो । जाँतका अवसरमा राति १२ बजे, बिहान, दिउँसो र बेलुका गरी चारपटक चौलो खेल्ने गरिन्छ ।

मुख्य देउरो कैलपालको रहने भए पनि मेड्डीबाट दौपाल, गनेडा-कापडी गाउँबाट दुर्गा, रुमालबाट अर्को चौलो तथा थप्सा-बन्डोराबाट भूमिदेवीको चौलो आउने परम्परा छ ।

चौलो खेलका क्रममा सहभागीले हातमा नाङ्गा तरबार, भाला र आलम बोकेर परम्परागत शैलीमा नाच्ने गर्छन् । धार्मिक आस्था, वीरता र सामूहिक सांस्कृतिक पहिचान झल्काउने यो दृश्य कैलपाल जाँतको प्रमुख आकर्षण हो ।

यस जाँतमा विभिन्न समुदायको परम्परागत भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ । कैलपाल देवताको पुजारीका रूपमा रुमाल गाउँका भट्ट परिवारले जिम्मेवारी निर्वाह गर्दै आएका छन् । देउरो अर्थात् गाँज नचाउने काम धानुक समुदायले गर्छन् भने भोकर बजाउने परम्परा बोहरा र पान समुदायसँग जोडिएको छ ।

तिहारपछि लाग्ने धार्मिक मेला तथा जाँत देवीदेवताको पूजाआजा र दर्शनमा मात्रै सीमित छैनन् । यी मेला स्थानीय सामाजिक जीवन, पारिवारिक पुनर्मिलन र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको मौलिक संस्कृतिका महत्त्वपूर्ण आधारसमेत हुन् ।

रोजगारी तथा अन्य सिलसिलामा भारतका विभिन्न सहर र तराई झरेका स्थानीय बासिन्दा वर्ष दिनमा लाग्ने यस्ता जाँतमा सहभागी हुन पुर्ख्यौंली गाउँ फर्किने गर्छन् । भाकल पूरा भएपछि चढावा चढाउने, कुलदेवता दर्शन गर्ने र आफन्तजनसँग भेटघाट गर्ने अवसरका रूपमा पनि यी पर्व स्थापित छन् ।

धामी नाच, परम्परागत बाजागाजा, देउरो, चौलो र देउडाले जाँतलाई थप आकर्षक बनाउने गरेका छन् । धार्मिक आस्था र सांस्कृतिक परम्परासँगै स्थानीय समुदायको आपसी सम्बन्धलाई समेत बलियो बनाउने यस्ता पर्वले गाउँबस्तीमा उत्साह र उल्लास थप्ने गरेका छन् ।

मानसखण्डमा वर्णित शैलेश्वर महादेवको पौराणिक महिमादेखि कैलपाल देवताको वीरतापूर्ण चौलो संस्कृतिसम्म डडेल्धुराका धार्मिक मेला-जाँतले जिल्लाको विशिष्ट पहिचान बोकेका छन् । तिहारपछि सुरु हुने यी पर्वले धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसँगै नयाँ पुस्तामा मौलिक परम्परा हस्तान्तरण गर्ने महत्त्वपूर्ण अवसरसमेत प्रदान गर्दै आएको वडा अध्यक्ष नरेशकुमार भट्टले बताए ।

पष्ठ १ बाट क्रमशः

के भन्छ...

राजनीतिक दलहरू पनि स्थानीय तह निर्वाचन केन्द्रित रणनीतिक भेला तथा प्राविधिक तयारीमा जुटिरहेका छन् । आयोगका अनुसार फागुन अन्तिम साताभित्र चैत पहिलो सातासम्म निर्वाचन गर्ने सम्भावनालाई ध्यानमा राखेर निर्वाचन व्यवस्थापनको तयारी भइरहेको छ । मतदाता नामावली अद्यावधिक, निर्वाचन सामग्री व्यवस्थापन, जनशक्ति परिचालन र आवश्यक प्राविधिक तयारीलाई अघि बढाइएको छ । यद्यपि, औपचारिक रूपमा निर्वाचन मिति तोक्ने विषयमा आयोग नेतृत्वले राजनीतिक दलहरूसँगको परामर्श र सरकारको निर्णयलाई पर्खिरहेको छ ।

राजनीतिक दलसँगको परामर्शपछि आयोगले निर्वाचनको सम्भावित मिति र आवश्यक तयारीबारे सरकारलाई औपचारिक सुझाव दिने प्रवक्ता भट्टराईले बताए । स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ अनुसार निर्वाचन आयोगसँग परामर्श गरेर नेपाल सरकारले निर्वाचनको मिति तोक्ने व्यवस्था छ । त्यसैले आयोगको परामर्श र प्रस्तावपछि मन्त्रिपरिषद्बाट निर्वाचनको मिति घोषणा हुने प्रक्रिया अघि बढ्नेछ ।

आयोगले स्थानीय तहसँगै प्रदेशसभाको निर्वाचन पनि एउटै समयमा गर्ने वा फरक-फरक मितिमा गर्ने भन्ने विषयमा समेत राजनीतिक दलहरूसँग छलफल गर्न सक्ने देखिएको छ । निर्वाचन व्यवस्थापनमा अन्तरजिल्ला मतदान र विद्युतीय मतदानजस्ता प्रविधिको प्रयोगबारे पनि आयोगले अध्ययन गरिरहेको छ ।

निर्वाचनको मिति घोषणा नहुँदै राजनीतिक दलहरू भने स्थानीय निर्वाचनको तयारीमा जुट्न थालेका छन् । नेकपा एमालेले २ र ३ मंसिरमा आयोजना गर्न लागेको राष्ट्रिय भेलामा समेत स्थानीय निर्वाचनको तयारीलाई प्रमुख एजेन्डा बनाएको छ । सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीले यसअघि नै पार्टीभित्र उम्मेदवार चयनसम्बन्धी मापदण्ड निर्माण, 'क्यान्डिडेट क्लब'मा नाम दर्ता तथा प्रशिक्षणलगायतका कार्यक्रम अघि बढाइसकेको छ ।

दलहरूको तयारी र आयोगले थालेको परामर्शपछि निर्वाचन मिति घोषणा गर्ने प्रक्रिया अघि बढ्ने सम्भावना छ । प्रधानमन्त्री बालेन्द्र शाह भारत भ्रमणबाट फर्किएलगत्तै निर्वाचन मिति घोषणा हुन सक्ने सरकारी अधिकारी बताउँछन् ।

त्रियुगा उपत्यकाबाट हराउँदै मौलिक बासमती

ईश्वर तामाङ/राजधानी

उदयपुर, ३० कात्तिक

कुनै समय कात्तिक नलाग्दै त्रियुगा उपत्यकाका खेतबाट फैलिने रैथाने बासमती धानको सुगन्ध अहिले हराउँदै गएको छ । स्वाद र बासनाका कारण छुट्टै पहिचान बनाएको उदयपुरको मौलिक बासमती धान किसानका खेतबाटै विस्थापित हुन थालेको छ ।

कम उत्पादन, लामो पाक्ने अवधि, सिँचाइ र मलको आवश्यकता तथा खेतीयोग्य जमिनको खण्डीकरणका कारण किसानले रैथाने बासमती छाडेर बढी उत्पादन दिने उन्नत तथा हाइब्रिड जातका धान लगाउन थालेपछि यसको अस्तित्व संकटमा परेको हो ।

केही वर्षअघिसम्म त्रियुगा नदी आसपासका खेतमा व्यापक रूपमा खेती गरिने बासमती अहिले सीमित क्षेत्रमा खुम्चिएको छ । कुनै समय घरघरमा पाक्ने बासमती चामल स्थानीय बजारमै सहजै पाइन्थ्यो । तर, स्थानीय उत्पादन घट्दै गएपछि अहिले ठूला व्यापारिक बजारदेखि उपभोक्ताको भान्सासम्म पुग्ने बासमती चामलसमेत भारतबाट आयात गर्नुपर्ने अवस्था आएको छ । किसानका अनुसार परम्परागत बासमतीको तुलनामा उन्नत जातका धानबाट दोब्बरदेखि तेब्बरसम्म उत्पादन हुने भएपछि खेतीको प्राथमिकता फेरिएको हो । थोरै उत्पादन हुने र पाक्न पनि बढी समय लाग्ने भएकाले व्यावसायिक खेतीमा बासमती किसानको रोजाइमा पर्न छाडेको छ ।

चौदण्डीगढी नगरपालिका-५ सुन्दरपुरका पूर्ववडाध्यक्ष देवनारायण चौधरीका अनुसार बासमती, करियाकामत र चनमचुरजस्ता रैथाने धानको उत्पादन कम हुने भएकाले किसानले विस्तारै खेती गर्न छाडेका हुन् ।

पहिले घरायसी उपभोगका लागि खेती गरिने भए पनि अहिले व्यावसायिक उत्पादनलाई प्राथमिकता दिन थालिएकाले बढी फल्ने जातका धान लगाउने क्रम बढेको उनी सुनाउँछन् ।

त्रियुगा नगरपालिका-३ मोतिगडाका किसान जयप्रकाश चौधरीको अनुभव पनि उस्तै छ । उनी वर्षौंदेखि बासमती धान खेती गर्दै आए पनि अहिले उत्पादन र जमिन दुबै घटेकाले खेतीको क्षेत्रफल निकै साँघुरिएको बताउँछन् ।

धानका उन्नत जातको विकाससँगै परम्परागत बीउको प्रयोग घट्दै गएको त्रियुगा नगरपालिका-१२ का किसान प्रेमबहादुर बुर्जा मगर बताउँछन् । उनका अनुसार अहिले बासमतीकै नाममा उन्नत जातका बीउ बजारमा उपलब्ध भए पनि तिनमा पहिलेजस्तो मौलिक सुगन्ध र स्वाद पाउन मुस्किल छ ।

कृषि ज्ञान केन्द्र उदयपुरका कार्यालय प्रमुख योगेन्द्रप्रसाद यादवका अनुसार जिल्लामा पछिल्लो १२-१३ वर्षयता रैथाने बासमती धान क्रमशः हराउँदै गएको छ । उन्नत जातका धानले रैथाने बीउलाई विस्थापित गर्नु, खेतीयोग्य जमिनको खण्डीकरण हुनु र उत्पादन कम हुनु यसका प्रमुख कारण हुन् ।

यादवका अनुसार बासमती र चनमचुर जस्ता रैथाने धान अन्य उन्नत जातको तुलनामा ढिलो पाक्ने, बढी सिँचाइ तथा मल आवश्यक पर्ने र उत्पादन पनि कम दिने भएकाले किसानले खेती गर्न छाडेका हुन् । अहिले बजारमा उपलब्ध नयाँ जातका धानले रैथानेको तुलनामा दोब्बर उत्पादन दिने भएकाले किसानको आकर्षण त्यतैतिर बढेको उनको भनाइ छ ।

कृषि ज्ञान केन्द्रका अनुसार विगतमा बेलका, चौदण्डीगढी, त्रियुगा, उदयपुरगढी र कटारी क्षेत्रमा बासमती तथा चनमचुर धानको खेती हुने गरेको थियो । तर, अहिले यसको खेती निकै सीमित भएको छ । किसानले घरायसी उपभोगका लागिमात्रै १२५ हेक्टर क्षेत्रफलमा बासमती र चनमचुर धान लगाउने गरेको कार्यालय प्रमुख यादवले बताए ।

स्थानीय किसान विनोद कार्कीका अनुसार रैथाने बासमती र चनमचुर धानको उत्पादन प्रतिकट्ठा दुई मन मात्रै हुन्छ । तर, उन्नत जातका धानबाट प्रतिकट्ठा छ मनसम्म उत्पादन हुने भएकाले किसानको रोजाइ फेरिएको हो ।

उदयपुरमा कुल १४ हजार ९३४ हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ । त्यसमध्ये सात हजार ३०३ हेक्टरमा मात्रै सिँचाइ सुविधा पुगेको कृषि ज्ञान केन्द्रले जनाएको छ । कुल धान खेती हुने क्षेत्रफलमध्ये एक हजार ५५४ हेक्टरमा चैते धान खेती गरिन्छ ।

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

सडक विभाग

संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

सडक डिभिजन साँफेबगर, अछाम

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति : २०८३-०८-०१

यस कार्यालयको मिति २०८३-०५-१८ गते गोरखापत्र दैनिकमा प्रकाशित बोलपत्र आह्वान सूचना नं. IFB/२०८३/०८४/०४, मिति २०८३-०५-३० गते सौर्य दैनिकमा प्रकाशित बोलपत्र आह्वान सूचना नं. IFB/२०८३/०८४/०५ तथा मिति २०८३-०६-१६ गते प्रभाव दैनिकमा प्रकाशित बोलपत्र आह्वान सूचना नं. IFB/२०८३/०८४/०६-०१ अन्तर्गत प्राप्त बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज(६) बमोजिम बोलपत्र कागजातमा तोकिएको योग्यता तथा मूल्याङ्कनका आधार पूरा गरी सारभूत रूपमा प्रभावग्राही ठहरिएका तपसिलका बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव, सोही नियमावलीको नियम ३१ज(७) बमोजिम मिति २०८३-०८-०८ गते बिहान ११:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित बोलपत्रदाता तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.सं.	ठेक्का नं.	निर्माण कार्यको विवरण तथा स्थान	प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता
१	RDSNF/337011384/2083/084-06	Road Rehabilitation Works on Chaukhutte–Sanfe–Mangalsen Road Section	1. D.B. Construction and Suppliers, Ba.Na.Pa. 08, Bajura 2. Chandra Bikash Yagya Laxmi Nirman Sewa/P.K.G. Construction/Malika Nirman Sewa JV, Dhangadhi, Kailali 3. Bhatta Shiv Nirman Sewa, Godawari-05, Kailali 4. JAMUNA-CIVILNEXUS JV, Sanfebagar, Achham 5. ROYAL CB-J&J RAWAL-JOINT VENTURE, Achham, Nepal 6. New Joshi Construction, Mahendranagar 7. Nandamata-Bhim Joint Venture, Mellekh-06, Achham
२	RDSNF/337011384/2083/084-07(Re-1)	Road Rehabilitation Work on Sanfe-Martadi Road Section	1. Shivlinga-Samarika-JSBC JV, Dhangadhi, Kailali
३	RDSNF/337011364/2083/084-08	Traffic Safety Works on NH-63 Sanfebagar-Martadi Road Section & NH-03 Chaukhutte-Sanfebagar-Mangalsen Road Section	1. Shuvashree Construction Co Pvt. Ltd., Banasthali 16 Kathmandu, Nepal 2. Kasara Construction Pvt. Ltd., Tokha 06 Kathmandu, Nepal 3. Rupa-Mahodaya JV, Tokha, Kathmandu 4. Ranakali Mata Construction Pvt. Ltd., Biratnagar-7, Morang, Nepal 5. HATAIRAJ-HNS JV, Kailali 6. KALINCHOWK-UPAHAR-AMIKSHYA Joint Venture, Sanfebagar-03, Achham
४	RDSNF/337011384/2083/084-10	Road Improvement Works at Sanfebagar Bazar Section, Achham	1. Upahar-Jamuna-Alam J.V., Sanfebagar, Achham, Nepal
५	RDSNF/337011934/2083/084-11	Road Upgrading Works along Sanfebagar-Khaptad Road , Achham	1. Shahi Nirman Sewa, Mahendranagar, Kanchanpur 2. Gangamala/B&P JV, Birendranagar Surkhet 3. Nandamata-Jamuna JV, Mangalsen, Achham 4. SK-N.M.D.- JV, Dhadeldhura 5. Swar Construction Company Pvt Ltd , achham 6. Bhatta Shiva-Maa Ninglasaini JV, Godhawari, Kailali 7. Hamro-Bhairab Shakti J/V Aadarsh-1,Doti 8. H.H.H. Construction Pvt. Ltd, Jorpati, Kathmandu 9. RM-Subash JV, Tikapur, Kailali 10. J.B. Nirman Sewa, Kailali 11. DBCS-ALJ-UB JV, Badimalika, Bajura 12. HECC-CIVILIZED JV, Kathmandu 13. Bhawani Nirman Sewa, Silgadhi, Doti 14. Royal CB-CBR-Shree Malika JV, Achham 15. P & DK Builder Pvt Ltd, Ramechhap 16. Bhim-Upahar-Jay Shree Baidhanath JV, Sanphebagr Achham 17. Kaushik-Hariganga Joint Venture, New Baneshwor kathmandu 18. BRS-New Badalek JV, Budiganga, Bajura 19. New Nepal-Rashila JV, Sanfebagar, Achham 20. SH-Ashok-Mahodaya JV, Sanfebagar, Achham 21. Ganesh-Hari-Freeman JV, Kalikot
६	RDSNF/337011394/2083/084-12	Road upgrading works along Mangalsen–Jupu–Kalagaun–Tali–Shantada–Chauka–Ramaroshan, Achham	1. Jagadamba Nirman Sewa, Kailali 2. Swar Construction Company Pvt Ltd , achham 3. SK-N.M.D.- JV, Dadeldhura 4. D.S.-Uttam JV, Dailekh 5. Chandra Bikash Yagya Laxmi Nirman Sewa/P.K.G. Construction/Malika Nirman Sewa JV, Dhangadhi, Kailali 6. Hariganga-Jamuna-Nandamata JV , Achham 7. DBCS-SNS JV, Badimalika, Bajura 8. TriCCon-Civilized-BNS JV, Dhangadhi-04, Kailali
७	RDSNF/337011934/2083/084-13	Road upgrading works along Panchadewal–Airigada–Ramaroshan, Achham	1. Shahi Nirman Sewa, Mahendranagar, Kanchanpur 2. Api/Jay laxmi JV, Kathmandu 3. Gangamala/B&P JV, Birendranagar Surkhet 4. Nandamata-Jamuna JV, Mangalsen, Achham 5. Ganesh-Hari-Freeman JV, Kalikot 6. SK-N.M.D.- JV, Dhadeldhura 7. Chandra Bikash/PKG/Malika JV, Dhangadhi 8. Swar Construction Company Pvt Ltd , achham 9. Bhatta Shiva-Maa Ninglasaini JV, Godhawari, Kailali 10. D.S.-Uttam JV, Kohalpur,Banke 11. Satyawati-Dibya&Kalika-Swornim JV, Birendranagar Surkhet 12. RM-Subash-Hanuman JV, Tikapur, Kailali 13. CDS/BCPL/AGNS JV, Tokha Kathmandu 14. HECC-CIVILIZED JV, Kathmandu 15. Kaushik-Hariganga Joint Venture, New Baneshwor kathmandu 16. Bhumiraj-CBR JV, Mellekh, Achham 17. MM-Dil JV, Achham 18. New Nepal-Rashila JV, Sanfebagar, Achham

डिभिजन प्रमुख

६३ महिनामा पनि बनेन सडक, ठेक्का तोडिएपछि अदालतमा मुद्दा

● ४५ प्रतिशतमात्रै वित्तीय प्रगति ● ठेकेदारले देखाए प्राकृतिक विपत्ति र सरकारी अवरोध ● नयाँ ठेक्का प्रक्रिया पनि अन्योलमा

भगीरथ भण्डारी/राजधानी

इलाम, ३० कात्तिक



३० महिनाभित्र निर्माण सम्पन्न गर्ने सम्झौता। पटकपटक म्याद थप्दै ६३ महिना पुऱ्याइयो। साढे पाँच वर्ष बित्दासमेत सडक निर्माण पूरा भएन। निर्माणको जिम्मा लिएको कम्पनीले थपिएको समयसमेत सदुपयोग गर्न नसकेको भन्दै सडक डिभिजनले ठेक्का सम्झौता अन्त्य गऱ्यो। सरकारी निर्णयविरुद्ध निर्माण व्यवसायी अदालत पुगे। अब सडक निर्माणभन्दा बढी ठेक्का विवाद र कानुनी प्रक्रियाले आयोजना अल्झिने जोखिम बढेको छ।

मेची करिडोरअन्तर्गत केचना-कञ्चनजंघा सडकको बेलासे-गोलाखर्क भञ्ज्याङ खण्डमा देखिएको यो विवादले सार्वजनिक विकास आयोजनाको ठेक्का व्यवस्थापन, निर्माण व्यवसायीको जवाफदेहिता र सरकारी अनुगमन प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ। ६३ महिनामा आधा कामसमेत पूरा हुन नसकेको आयोजना ठेक्का अन्त्यपछि पनि सहजै अघि बढ्ने अवस्था देखिएको छैन।

सडक डिभिजन कार्यालय इलामले १२ कात्तिक २०८३ मा सार्वजनिक सूचना जारी गर्दै उक्त सडक खण्डको ठेक्का सम्झौता अन्त्य गरेको थियो। डिभिजनका अनुसार निर्माण व्यवसायीलाई पटकपटक लिखित तथा मौखिक ताकेता गर्दा पनि सम्झौताअनुसार काम सम्पन्न हुन सकेन। ६३ महिना बितिसक्दा आयोजनाको वित्तीय प्रगति ४५.२८ प्रतिशतमा सीमित भएपछि ठेक्का अन्त्य गर्ने निर्णय गरिएको हो।

९.५ किलोमिटर लामो उक्त सडक स्तरोन्नतिका लागि २९ असार २०७८ खड्का-कृष्ण-सक्षम जेभीसँग २७ करोड २२ लाख रुपैयाँ (भ्याटसहित) मा ठेक्का सम्झौता भएको थियो। सम्झौताअनुसार २९ पुस २०८० भित्र निर्माण सम्पन्न हुनुपर्ने थियो। तर निर्धारित अवधिमा काम पूरा नभएपछि पटकपटक म्याद थप गरिएको थियो। यसरी सुरुको ३० महिनाको अवधिमा थप ३३ महिना जोडिँदा कुल ६३ महिना बित्यो।

यति लामो समय दिँदासमेत आयोजनाको प्रगति अपेक्षाअनुसार हुन नसकेको सरकारी पक्षको निष्कर्ष छ। अझ पछिल्लो सात महिनामा तीन प्रतिशतभन्दा कम मात्रै भौतिक प्रगति भएको विवरण सार्वजनिक भएपछि ठेक्का अन्त्य गर्ने निर्णय गरिएको थियो।

ठेक्का तोडिएपछि अदालत पुगे निर्माण व्यवसायी

सडक डिभिजनको निर्णय सार्वजनिक भएलगत्तै निर्माण व्यवसायी खड्काकृष्ण सक्षम जेभी ठेक्का अन्त्य गर्ने सरकारी निर्णयविरुद्ध उच्च अदालत पाटन पुगेको छ। कम्पनीले निषेधाज्ञाको माग गर्दै रिट निवेदन दर्ता गरेको हो।

निर्माण व्यवसायीले आफ्नो निवेदनमा काम समयमा सम्पन्न हुन नसक्नुमा आफूहरूको मात्र कमजोरी नरहेको जिकिर गरेका छन्। प्राकृतिक विपत्ति, बाढीपहिरो, निर्माणस्थलमा देखिएका अवरोध, विद्युत् पोल स्थानान्तरणमा भएको ढिलाइ, निर्माण सामग्रीको आपूर्ति समस्या तथा भुक्तानीसम्बन्धी कठिनाइका कारण काम प्रभावित भएको उनीहरूको दाबी छ। यी कारणले निर्माण कार्य निर्धारित समयभित्र सम्पन्न गर्न नसकिएको भन्दै कम्पनीले ठेक्का अन्त्य गर्ने निर्णय बदर गर्न र त्यसका आधारमा हुन सक्ने थप कारबाही रोक्न अदालतसँग माग गरेको छ।

निर्माण व्यवसायीको निवेदनमा आयोजनाको भौतिक प्रगति ५४.६८ प्रतिशत पुगेको उल्लेख छ। तर, सडक डिभिजनले वित्तीय प्रगति ४५.२८ प्रतिशत रहेको विवरण सार्वजनिक गरेको छ। निर्माण व्यवसायीले पनि आफ्नो निवेदनमा वित्तीय प्रगति ४५.२८ प्रतिशत नै रहेको स्वीकार गरेका छन्। भौतिक र वित्तीय प्रगतिको विवरण फरक देखिए पनि आयोजनाको आधाभन्दा बढी काम सम्पन्न भएको दाबी निर्माण व्यवसायीले गरेका छन्। सरकारी पक्षले भने वित्तीय प्रगतिलाई आधार बनाएर सम्झौता अन्त्य गरेको छ।

सरकारी कार्यालयको ठेगाना नमिल्दा सुनुवाइ प्रभावित

ठेक्का अन्त्य गर्ने निर्णय रोक्न माग गर्दै परेको रिटमा अदालतको प्रारम्भिक प्रक्रिया नै अपेक्षितरूपमा अघि बढ्न सकेको छैन। उच्च अदालत पाटनको संयुक्त इजलासले २७ कात्तिक २०८३ मा अन्तरिम आदेशबारे छलफल गर्न विपक्षी संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय इटहरीका नाममा म्याद जारी गरेको थियो। तर, सम्बन्धित कार्यालयको म्याद तामेल हुन नसकेपछि अदालतमा फिर्ता आएको थियो।

तामेलदारको प्रतिवेदनअनुसार उक्त सरकारी कार्यालय इटहरीबाट झापाको दमकमा सरेकाले पुरानो ठेगानामा म्याद तामेल हुन नसकेको हो।

त्यसपछि अदालतले निवेदकसँग समन्वय गरी विपक्षी सरकारी कार्यालयको सही ठेगाना खुलाउन र पुनः म्याद तामेल गर्न आदेश दिएको छ। म्याद रीतपूर्वक तामेल भएपछि अन्तरिम आदेशबारे छलफलको पेसी तोक्न पनि अदालतले निर्देशन दिएको छ।

अदालतको आदेशअनुसार ७ मंसिर २०८३ मा अन्तरिम आदेशबारे छलफलको पेसी तोकिएको छ। यसको अर्थ अदालतले ठेक्का अन्त्य गर्ने निर्णय तत्काल रोक्ने अन्तरिम आदेश दिइसकेको छैन।

अहिलेको अवस्था विपक्षी सरकारी कार्यालयलाई कानुनी रूपमा जानकारी गराउने र त्यसपछि दुवै पक्षको कुरा सुनेर अन्तरिम आदेशबारे निर्णय गर्ने प्रक्रियामा छ। तर, ठेक्का अन्त्य गर्ने सरकारी निर्णय कायम रहने वा नरहने भन्ने विषय अदालतको आदेशमा निर्भर रहने भएकाले नयाँ निर्माण प्रक्रिया अघि बढाउने सरकारी तयारीसमेत कानुनी विवादबाट प्रभावित हुन सक्ने देखिन्छ।

१५ दिनभित्र फरफारक गर्न आग्रह

सडक डिभिजन कार्यालय इलामले ठेक्का अन्त्य गरेपछि निर्माण व्यवसायीलाई बाँकी भुक्तानी तथा स्वीकृत कामको वित्तीय फरफारकका लागि आवश्यक कागजातसहित कार्यालयमा उपस्थित हुन अनुरोध गरेको थियो। ठेक्का अन्त्यसम्बन्धी सूचनामार्फत निर्माण व्यवसायीलाई १५ दिनभित्र कार्यालयमा उपस्थित भई हिसाब फरफारक गर्न भनिएको थियो।

ठेक्का अन्त्य भएपछि आयोजनामा हालसम्म भएको कामको मूल्यांकन, बाँकी भुक्तानी, पेस्की रकम, कार्यसम्पादन जमानत र सम्झौताअनुसार लाग्ने अन्य आर्थिक दायित्वको टुंगो लगाउनुपर्ने हुन्छ। यस्ता विषयमा विवाद उत्पन्न भएमा नयाँ ठेक्का प्रक्रियासमेत थप जटिल बन्न सक्छ। त्यसैले ठेक्का अन्त्य गर्ने निर्णयसँगै अधुरो कामको प्राविधिक मूल्यांकन र आर्थिक हिसाबकिताब स्पष्ट पार्नु सरकारी निकायका लागि अर्को चुनौती हो।

इलाम सडक डिभिजनले १२ ठेक्का अन्त्य गऱ्यो

बेलासे-गोलाखर्क सडकको ठेक्का अन्त्य गर्ने निर्णय इलाम सडक डिभिजनले पछिल्लो समय अघि बढाएको ठेक्का व्यवस्थापनको कारबाहीमध्ये एक हो।

सार्वजनिक विवरणअनुसार सडक डिभिजन इलामले आर्थिक वर्ष २०८१/८२ देखि हालसम्म १२ वटा ठेक्का सम्झौता अन्त्य गरिसकेको छ। यस क्रममा निर्माण व्यवसायीबाट पेस्कीबापत दुई करोड ३८ लाख रुपैयाँ असुल गरिएको छ भने ६ करोड ७९ लाख रुपैयाँको कार्यसम्पादन जमानत जफत गर्न सम्बन्धित बैंकलाई पत्राचार गरिएको छ। यसले निर्माण क्षेत्रमा समयमा काम सम्पन्न नगर्ने र पटकपटक म्याद थप गर्दा पनि अपेक्षित प्रगति हासिल नगर्ने ठेक्कामाथि सरकारी निकायले कारबाही अघि बढाउन थालेको देखाउँछ।

ठेक्का तोड्नु मात्रै समस्याको समाधान होइन। ठेक्का अन्त्यपछि बाँकी कामको पुनः मूल्यांकन, स्रोत सुनिश्चितता, नयाँ लागत अनुमान, बोलपत्र आह्वान र निर्माण व्यवसायी छनोटसम्मको प्रक्रिया पनि समयमै पूरा गर्न सक्नुपर्छ। अन्यथा एउटा ठेक्का अन्त्य भए पनि अर्को ठेक्का लाग्न वर्षौं लाग्ने जोखिम रहन्छ।

राजदुवालीको पहिरो र वैकल्पिक सडकको आवश्यकता

मेची करिडोरअन्तर्गतको बेलासे-गोलाखर्क भञ्ज्याङ सडकको महत्त्व केवल एउटा सडक खण्ड निर्माणमा सीमित छैन। यो इलाम, पाँचथर र ताप्लेजुङलाई जोड्ने वैकल्पिक सडक सञ्जालको महत्त्वपूर्ण हिस्सा हो।

मेची राजमार्गको राजदुवाली क्षेत्रमा माईखोलाको बाढी र पहिरोका कारण सडक पटकपटक अवरुद्ध हुने समस्या छ। जोखिमयुक्त सडक खण्डमा दीर्घकालीन समाधान र आवश्यक संरचना निर्माण हुन नसक्दा वर्षायाममा यात्रु तथा सवारीसाधनले सास्ती खेप्दै आएका छन्।

राजदुवाली क्षेत्रमा सडक अवरुद्ध हुँदा बिरामी बोकेका एम्बुलेन्स, खाद्यान्न तथा दैनिक उपभोग्य सामग्री ढुवानी गर्ने सवारीसाधनसमेत प्रभावित हुने गरेका छन्। सडक अवरुद्ध भएपछि वैकल्पिक मार्ग प्रयोग गर्नुपर्ने र लामो दूरी पार गर्नुपर्ने बाध्यता हुन्छ। यस्तो अवस्थामा केचना-कञ्चनजंघा सडक स्तरोन्नति सम्पन्न भएमा पूर्वी पहाडी जिल्लाका लागि वैकल्पिक यातायात मार्ग उपलब्ध हुने अपेक्षा गरिएको छ। सडक निर्माण नै वर्षौंदेखि अधुरो रहनुले यस क्षेत्रको यातायात सञ्जाललाई थप कमजोर बनाएको छ।

दमक–चिसापानीको नियति दोहोरिने जोखिम

बेलासे-गोलाखर्क सडकको ठेक्का विवादले दमक-चिसापानी सडकमा देखिएको समस्या सम्झाएको छ। दमकदेखि इलामको माइसेबुङ हुँदै पाँचथरको रवी जोड्ने करिब २५.५ किलोमिटर सडकको निर्माण प्रक्रिया पनि पुरानो ठेक्का अन्त्य र त्यसपछिको कानुनी विवादका कारण लामो समय प्रभावित भएको थियो।

निर्माण व्यवसायीले काम नगरेपछि सरकारले पुरानो ठेक्का अन्त्य गरेको थियो। त्यसविरुद्ध निर्माण व्यवसायी अदालत पुगेपछि कानुनी विवादका कारण नयाँ ठेक्का प्रक्रिया अघि बढाउन कठिनाइ भएको थियो। तर, पछिल्लो समय उक्त सडकको निर्माण प्रक्रिया अघि बढेको छ। कात्तिक २०८३ मा माइसेबुङ-लारुम्बा-चिसापानी खण्डको नयाँ ठेक्का स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएको छ।

सडक डिभिजन दमकले सार्वजनिक गरेको विवरणअनुसार महालक्ष्मी-जय धनञ्जय जेभी काठमाडौंको एक अर्ब २२ करोड ७९ लाख ४४ हजार ८७२ रुपैयाँ ६१ पैसाको बोलपत्र प्रारम्भिकरूपमा छनोट भएको छ।

नयाँ ठेक्काअन्तर्गत तीन वर्षभित्र सडक कालोपत्रे गर्ने लक्ष्य राखिएको छ। लामो समय कानुनी तथा प्रशासनिक प्रक्रियामा अल्झिएको आयोजना नयाँ निर्माण प्रक्रियामा प्रवेश गर्न सक्ने देखाएको छ। यसका लागि पनि पुरानो ठेक्का अन्त्य, कानुनी विवादको व्यवस्थापन, स्रोत सुनिश्चितता र नयाँ ठेक्का प्रक्रियामा वर्षौं खर्चिनुपरेको थियो।

सार्वजनिक निर्माण आयोजनामा ठेक्का सम्झौता गर्नु र निर्माण व्यवसायी छनोट गर्नु मात्रै सरकारी दायित्व पूरा हुनु होइन। सम्झौताअनुसार काम भइरहेको छ कि छैन भन्ने नियमित अनुगमन, आवश्यक सहजीकरण, निर्माण सामग्री तथा साइटसम्बन्धी समस्या समाधान र काम नगर्ने निर्माण व्यवसायीमाथि समयमै कारबाही गर्नु पनि सरकारी निकायको जिम्मेवारी हो।

त्यस्तै, निर्माण व्यवसायीले सम्झौतामा तोकिएको समय र गुणस्तरअनुसार काम सम्पन्न गर्नुपर्ने हुन्छ। प्राकृतिक विपत्ति वा सरकारी निकायबाट सिर्जित अवरोध भए त्यसको अभिलेख, प्रमाण र कानुनी आधारसहित समयमै समाधान खोज्नुपर्छ।

बेलासे-गोलाखर्क सडकमा निर्माण व्यवसायीले विभिन्न अवरोध देखाएका छन् भने सरकारी पक्षले पटकपटक अवसर दिँदासमेत काम सम्पन्न नभएको जनाएको छ। यी दुवै पक्षका दाबीको वास्तविकता अदालत र सम्बन्धित निकायबाट परीक्षण हुन बाँकी छ।

अब नयाँ ठेक्का कहिले ?

ठेक्का अन्त्य भइसकेपछि अब सरकारका सामु दुईवटा महत्त्वपूर्ण जिम्मेवारी छन्। पहिलो, अदालतमा विचाराधीन विवादलाई कानुनी प्रक्रियाअनुसार छिटो टुंग्याउन आवश्यक समन्वय गर्नु। दोस्रो, अधुरो सडक निर्माणका लागि स्रोत सुनिश्चित गरी नयाँ ठेक्का प्रक्रिया अघि बढाउनु।

पूर्वाधार विकास मन्त्रालयले अधुरो सडक निर्माणलाई निरन्तरता दिन आवश्यक स्रोत र बहुवर्षीय ठेक्का सहमति जुटाएर नयाँ प्रक्रिया अघि बढाउने जनाएको छ। तर नयाँ ठेक्का आह्वानको निश्चित मिति र निर्माण सम्पन्न हुने समयतालिका सार्वजनिक नभएसम्म स्थानीयवासीले तत्काल निर्माण सुरु हुने विश्वास गर्ने आधार कमजोर छ।

अदालतबाट अन्तरिम आदेश जारी भए वा ठेक्का अन्त्यसम्बन्धी निर्णयमाथि थप कानुनी विवाद उत्पन्न भए नयाँ ठेक्का प्रक्रियामा असर पर्न सक्छ। अर्कोतर्फ, सरकारी निर्णय कायम रहे पनि नयाँ ठेक्का व्यवस्थापनमा ढिलाइ भए अधुरो सडक थप समय अलपत्र रहने छ।

● अझै मिलेन सुदूरपश्चिममा बजेट विवाद

नेकपाभित्रै सहमति जुटेन, प्रदेशसभा बैठक अनिश्चित

दीपक ओली/राजधानी

धनगढी, ३० कात्तिक

सुदूरपश्चिम प्रदेश सरकारको चालू आर्थिक वर्ष २०८३/८४ को बजेट विवाद समाधान हुन नसकेपछि सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का शीर्षनेता नै सक्रिय हुने भएका छन्।

पार्टीभित्रको विवाद मिलाउन संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपाल मंसिरको पहिलो साता धनगढी आउने भएका हुन्।

बजेट विवाद समाधानका लागि संसदीय अध्ययन समिति गठन गरी त्यसको प्रतिवेदनका आधारमा पूरक बजेट ल्याउने यसअघि सहमति भएको थियो। तर, सहमतिअनुसार प्रक्रिया अघि बढ्न सकेको छैन। प्रदेश सरकारको नेतृत्व गरिरहेको नेकपाभित्रै बजेट र संसदीय समिति गठनको विषयमा सहमति जुट्न नसक्दा प्रदेशसभाको कामकारबाहीसमेत प्रभावित भएको छ।

नेकपाभित्रको विवाद समाधान भएपछि प्रदेशसभामा देखिएको गतिरोध अन्त्य गर्न सहज हुने अपेक्षासहित शीर्ष नेताहरू धनगढी आउन लागेका हुन्।

पार्टीभित्र सहमति नजुटेकै कारण बजेट अध्ययनका लागि संसदीय समिति गठन गर्ने विषयमा छलफल गर्न बोलाइएको प्रदेशसभा बैठकसमेत अघि बढ्न सकेको छैन।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको विरोधपछि गत २१ कात्तिकका लागि बोलाइएको प्रदेशसभा बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको थियो। नेकपाका एक सांसदका अनुसार पार्टीभित्रको समस्या समाधान नभएसम्म प्रदेशसभामा बजेटसम्बन्धी छलफल सुरु हुने सम्भावना न्यून छ। त्यसैले तत्काल प्रदेशसभा बैठक बोलाउने सम्भावना पनि कम रहेको उनको भनाइ छ।

कांग्रेसले पारिश्रमिक, कार्यालय सञ्चालन, अस्पताल तथा अनिवार्य दायित्वका लागि विनियोजित बजेटबाहेक अन्य सबै बजेटको कार्यान्वयन रोक्का गर्नपर्ने अडान राखेको छ। आर्थिक मामिलामन्त्रीले नै सदनमा बजेटमा त्रुटि भएको स्वीकार गरिसकेको भन्दै कांग्रेसले प्रदेश सरकारको राजीनामासमेत माग गरेको छ।

यसअघि बजेट पारित भएको प्रदेशसभा बैठकमा सभामुख भीमबहादुर भण्डारीले संसदीय अध्ययन समिति गठन गरी बजेटबारे प्रतिवेदन पेस गर्ने जानकारी गराएका थिए।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय दलदलेको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८३/०८/०१ गते राजधानी दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय दलदलेबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चूक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत नतिरी नबूझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हूनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपशिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने धितो लिलाम सुचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) औ दिन अर्थात मिति २०८३ मंसिर १६ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय दलदलेबाट लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गरिने भएको हुंदा सर्व साधारणको जानकारीको लागि यो गोप्य शिलबन्दि बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिनईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ।

तपसिल

१. क. ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण
१. **सारिका झा** ना.प्र.नं.- ७९५१ जारी मिति - २०५६/११/३० जि.प्र.का. सप्तरी बाबु - गौरिशंकर झा पति- असिम कान्त झा स्थायी ठेगाना- सप्तरी जिल्ला राजबिराज गा.वि.स. वडा न.०२ हालको ठेगाना- जनकपुरधाम उ.म.न.पा वडा न.०९,, धनुषा	१. **असिम कान्त झा** ना.प्र.नं.- १७११०२/८०६२ जारी मिति - २०७०/०१/२७ जि.प्र.का. धनुषा बाबु - अश्विनी कान्त झा बाजे – महेश कान्त झा स्थायी ठेगाना- धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा., वडा नं. ०९ हालको ठेगाना- ऐ.ऐ

ख. ऋणीको विवरण

१. **असिम कान्त झा**
ना.प्र.नं.- १७११०२/८०६२
जारी मिति - २०७०/०१/२७ जि.प्र.का. धनुषा
बाबु - अश्विनी कान्त झा
बाजे – महेश कान्त झा
स्थायी ठेगाना- धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा., वडा नं. ०९
हालको ठेगाना- ऐ.ऐ

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **सारिका झा**
ना.प्र.नं.- ७९५१
जारी मिति - २०५६/११/३० जि.प्र.का. सप्तरी
बाबु - गौरिशंकर झा
पति- असिम कान्त झा
स्थायी ठेगाना- सप्तरी जिल्ला राजबिराज गा.वि.स. वडा न.०२
हालको ठेगाना- जनकपुरधाम उ.म.न.पा वडा न.०९,, धनुषा

२. **आयुष झा**
ना.प्र.नं.- १७-०१-८०-०३२२४
जारी मिति - २०८०/०२/२६ जि.प्र.का. धनुषा
बाबु - असिम कान्त झा
बाजे - अश्विनी कान्त झा
स्थायी ठेगाना- धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा वडा न.०९
हालको ठेगाना- ऐ.ऐ

३. **रिया झा**
ना.प्र.नं.- १७-०१-८१-१६७३५
जारी मिति - २०८१/१२/०८ जि.प्र.का. धनुषा
बाबु - असिम कान्त झा
बाजे - अश्विनी कान्त झा
स्थायी ठेगाना- धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा वडा न.०९
हालको ठेगाना- ऐ.ऐ

लिलाम हुने सम्पतिको विवरण

१. **सारिका झा**को नाममा मालपोत कार्यालय, कावासोती, नवलपरासी, (बर्दघाट सुस्ता पूर्व)मा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, सिसवार गा.वि.स./न.पा. वडा नं. ४ ग स्थित कित्ता नं. १०६४ को क्षे.फ. ०-०-७-० (विगाहा) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितिले १५ (पन्ध्र) दिन अर्थात २०८३ मंसिर १५ गते** भित्र बैंकको शाखा कार्यालय दलदलेमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय दलदलेबाट रु ५००/ तिरी प्राप्त गर्न सकिने छ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा को बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्ने छ।
३. बोलपत्रमा आफूले लिनचाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफूले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ, सो बाहेक अन्यकुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८३ मंसिर १६ अपरान्ह ३ :००** बजे देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय दलदलेमा बोलपत्र खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितीमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगीआएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचनापाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोल कबोल गरेको धरौटी वाहेकको बांकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी वापत जम्माभएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तूर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हूने सम्पत्ति सम्बन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय दलदलेमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन तथा प्रचलित कानून बमोजिम बैङ्कले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दि बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार बैंकमै सूरक्षित राखीएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पुर्ण लेना असुलउपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरीनेछ।

बोलपत्र खोलिने मिति २०८३ मंसिर १६ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय दलदले फोन नं. ०७८-५७५१९४

बजाजको 'गेम अफ पावर' अभियान ४ मंसिरसम्ममात्रै

राजधानी समाचारदाता

काठमाडौं, ३० कात्तिक

बजाज नेपालले सञ्चालन गरिरहेको 'बजाज गेम अफ पावर-खेल्ने हो?' अभियान यही ४ मंसिरसम्ममात्रै सञ्चालन हुने भएको छ। ग्राहकलाई लाख रुपैयाँसम्मको पक्का पुरस्कार, विभिन्न मनोरञ्जनात्मक खेल गतिविधि तथा चर्चित खेलाडीसँग भेटघाटको अवसर प्रदान गर्ने उद्देश्यले सञ्चालन गरिएको अभियान अवधि सकिन अब केही दिनमात्रै बाँकी छ। अभियानअन्तर्गत ४ मंसिरभित्र योग्य बजाज मोटरसाइकल खरिद गर्ने ग्राहकले एक लाख रुपैयाँसम्मको पक्का पुरस्कार प्राप्त गर्न सक्ने छन्।

त्यस्तै, सहभागीले अनलाइनमार्फत उपलब्ध 'पल्सर रेसिङ गेम' खेलेर आफ्नो कौशल प्रदर्शन गर्न तथा उत्कृष्ट प्रदर्शनका आधारमा आकर्षक उपहार जित्न सक्ने छन्। अभियानमा सहभागी हुनेका लागि हरेक दिन स्मार्टवाच जित्ने अवसरसमेत राखिएको छ।

अभियानको अर्को आकर्षणका रूपमा मोटरसाइकल खरिद योजना र 'सो योर पावर' प्रतियोगिताबाट छनोट भएका विजेताले रवीन्द्र धन्त, क्रिस सेवन होरा र राष्ट्रिय क्रिकेट टोलीका खेलाडी दीपेन्द्र सिंह ऐरीसँग भेटघाट गर्ने अवसर पाउने छन्।

'सो योर पावर' प्रतियोगितामा सहभागी हुन इच्छुकले आफ्नो सिर्जनशीलता र शक्ति प्रदर्शन गर्ने पल्सरसम्बन्धी भिडियो तयार गरी सामाजिक सञ्जालमा अपलोड गर्नुपर्नेछ। प्रतियोगिताबाट उत्कृष्ट सहभागी छनोट गरी भेटघाटको अवसर प्रदान गरिने कम्पनीले जनाएको छ।

पुरस्कार, खेल गतिविधि र चर्चित खेलाडीसँगको भेटघाटलाई समेटिएको यस अभियानमार्फत बजाजले ग्राहकलाई मनोरञ्जनसँगै विभिन्न पुरस्कार जित्ने अवसर प्रदान गरेको छ।

अभियान ४ मंसिरमा समाप्त हुने भएकाले इच्छुक ग्राहकले तोकिएको समयभित्र योग्य मोटरसाइकल खरिद गरी सहभागिता जनाउन सक्ने छन्।

जे.प्र.का.द.नं. १०३/०४०/४१, गो.हु.का.द.नं. ०२/२०८३/०८४



स्पेन घरेलु मैदानमै पराजित

दश खेलाडीमा सीमित इंग्ल्यान्डले स्पेनलाई उसकै मैदानमा ३–२ गोलले पराजित गरेको छ । जितसँगै इंग्ल्यान्डले 'यूईएफए नेसन्स लिग'को 'समूह ए ३'मा स्थान हासिल गरेको छ । म्याड्रिडस्थित मेट्रोपोलिटानो लामा इंग्ल्यान्डले स्पेनको ४३ खेल लामो अपराजित यात्रामा पूर्णविराम लगाएको हो । थोमस टुचेलको प्रशिक्षणमा इंग्ल्यान्डको यो अहिलेसम्मको उत्कृष्ट प्रदर्शनमध्ये थियो । खेल अन्त्यतिर यमालको पासमा निको विलियम्सले गोल गर्दै स्पेनलाई ३–२ को स्थितिमा पुऱ्याएका थिए ।

निर्णायक मोडमा 'एनपीएल उपाधि' भिडन्त

● आज पहिलो 'क्वालिफायर'मा लुम्बिनी र सुदूरपश्चिम आमनेसामने हुँदै ● फाइनल ५ मंसिर शनिबार

युमाश शेर्पा/राजधानी
काठमाडौं, ३० कात्तिक

नेपाल प्रिमियर लिग (एनपीएल)को तेस्रो संस्करण उपाधि प्रतिस्पर्धाको निर्णायक चरणमा प्रवेश गरिसकेको छ । लिग चरणका खेल सकिएसँगै उपाधिका लागि चार टोलीको दाबेदारी कायम रहेको छ ।

लुम्बिनी लायन्स, सुदूरपश्चिम रोयल्स, काठमाडौं गोर्खाज र चितवन राइनोजले 'प्लेअफ'मा स्थान सुरक्षित गरेपछि प्रतियोगिताको रोमाञ्चकता थप बढेसँगै चार टोलीमध्ये 'कसले उपाधि उचाल्ने छ ?' भन्ने चासो क्रिकेटप्रेमीमाझ बढेको छ ।

'प्लेअफ'को पहिलो भिडन्तअन्तर्गत मंगलबार (आज) लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्स आमनेसामने हुँदै छन् । कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा साँझ ५ बजे सुरु हुने पहिलो 'क्वालिफायर'लाई प्रतियोगिताकै महत्त्वपूर्ण खेलका रूपमा हेरिएको छ । यस खेलमा जित निकाल्ने टोलीले अन्य खेलको नतिजा कुर्नु नपरी सिधै फाइनलमा स्थान बनाउने छ । पराजित हुने टोलीसँग भने दोस्रो 'क्वालिफायर'मार्फत् फाइनल पुग्ने अर्को अवसर बाँकी रहने छ ।

लिग चरणमा उत्कृष्ट प्रदर्शन गरेको लुम्बिनी पहिलो 'क्वालिफायर'मा जित निकाल्दै लगातार दोस्रोपटक उपाधिनजिक पुग्ने लक्ष्यमा छ । अर्कोतर्फ, यसअघि दुईपटक फाइनल पुगेर पनि उपाधि जित्न नसकेको सुदूरपश्चिम यसपटक इतिहास बदल्ने योजनासहित मैदान उत्रँदै छ । दुवै टोलीका लागि यो खेल फाइनल प्रवेशको अवसरमात्र नभई आफ्नो क्षमता प्रमाणित गर्ने महत्त्वपूर्ण परीक्षासमेत हो ।

लिग चरणमा लुम्बिनीको प्रभावशाली प्रदर्शन

लिग चरणमा पाँच जितसहित ११ अंक जोडेको लुम्बिनी लायन्स अंकतालिकाको शीर्षस्थानमा रहँदै पहिलो 'क्वालिफायर'मा पुगेको हो । पाँच जितबाट १० अंक जोडेको सुदूरपश्चिम रोयल्स दोस्रो स्थानमा रहचो । अंकतालिकामा १ अंकअन्तर देखिए पनि दुवै टोलीले प्रतियोगिताभर निरन्तर प्रतिस्पर्धात्मक प्रदर्शन गरेका छन् ।

लुम्बिनीले ब्याटिङ र बलिङ दुवै पक्षमा सन्तुलन कायम राख्दै आफूलाई उपाधिको बलियो दाबेदारका रूपमा प्रस्तुत गरेको छ । टोलीको नेट रनरेट +१.२५६ रहनुले पनि लिग चरणमा उसले हासिल गरेको प्रभावशाली प्रदर्शन पुष्टि गर्छ । महत्त्वपूर्ण समय खेल आफ्नो पक्षमा पार्न सक्ने क्षमता लुम्बिनीको बलियो कडी बनेको छ ।

'डिफेन्डिङ च्याम्पियन'समेत रहेको लुम्बिनी यसपटक उपाधि रक्षा गर्ने लक्ष्यमा छ । अघिल्लो संस्करणमा प्राप्त सफलता दोहोऱ्याउने चुनौती टोलीसामु छ । उपाधि जितिसकेको अनुभव यस टोलीका खेलाडीका लागि सकारात्मक हो । दबाबपूर्ण परिस्थितिमा 'कसरी खेल्ने र महत्त्वपूर्ण खेलमा कसरी संयम कायम राख्ने ?' भन्ने अनुभव लुम्बिनीसँग छ ।

टोलीका लागि डार्सी सर्टसहितका विदेशी तथा स्वदेशी खेलाडीको प्रदर्शन निर्णायक बन्न सक्छ । ब्याटिङमा राम्रो सुरुवातसँगै मध्यक्रमका खेलाडीले जिम्मेवारी लिन सके लुम्बिनीले प्रतिस्पर्धात्मक योगफल बनाउन सक्ने सम्भावना बलियो छ । यसैगरी, बलिङमा विपक्षी टोलीका प्रमुख ब्याटरलाई चाँडै 'आउट' गर्न सके सिधै फाइनल पुग्ने सम्भावना बलियो छ ।

सुदूरपश्चिमको लक्ष्य उपाधि जित्ने

सुदूरपश्चिम रोयल्स पनि उपाधि दौडमा कमजोर टोली भने होइन । कप्तान दीपेन्द्रसिंह ऐरी नेतृत्वको सुदूरपश्चिमले लिग चरणमा लगातार राम्रो प्रदर्शन गर्दै दोस्रो स्थान हासिल गरेको हो । पाँच जितसहित १० अंक जोडेको टोलीले आफ्नो क्षमता प्रमाणित गरिसकेको छ ।

सुदूरपश्चिमका लागि यसपटकको प्रतियोगिता विशेष महत्त्वको पनि छ । यसअघि दुईपटक फाइनलसम्म पुगे पनि उपाधि जित्न नसकेको टोली यसपटक त्यो इतिहास बदल्न चाहन्छ । फाइनलसम्म पुगेर उपाधिविहीन बन्नुपरेको अनुभवले टोलीलाई थप प्रेरित गर्न सक्छ ।

कप्तान दीपेन्द्रसिंह ऐरीको नेतृत्व, खेल बुझ्ने क्षमता तथा दबाबबीच प्रदर्शन गर्न सक्ने खुबी सुदूरपश्चिमका महत्त्वपूर्ण पक्ष हुन् । टोलीले ब्याटिङमा जिम्मेवार प्रदर्शन गर्दै बलिङमा पनि अनुशासन कायम राख्न सके लुम्बिनीलाई चुनौती दिन सक्छ ।

पहिलो 'क्वालिफायर'मा जित निकाल्नु सुदूरपश्चिमका लागि दुई कारणले महत्त्वपूर्ण हुनेछ । टोलीले सिधै फाइनलमा स्थान बनाउने छ भने यसअघि गुमाएको उपाधिको अवसर यसपटक हात पार्न आफू तयार रहेको सम्भावना देखाउन सक्ने छ । सुदूरपश्चिम कुनै पनि हालतमा यो अवसर गुमाउन चाहँदैन ।

उद्घाटन खेलको हारको बदला लिने अवसर

लुम्बिनी र सुदूरपश्चिमबीचको पहिलो 'क्वालिफायर'लाई थप रोचक बनाउने पक्ष यी दुई टोलीबीचको अघिल्लो प्रतिस्पर्धा पनि हो । प्रतियोगिता उद्घाटन खेलमै लुम्बिनीले सुदूरपश्चिमलाई ७ विकेटले पराजित गरेको थियो । प्रतियोगिताको सुरुवाती खेलमा व्यहोरेको सो हार सुदूरपश्चिमका लागि अझै स्मरणीय हुन सक्छ । अहिले दुवै टोली उपाधिनजिक पुगेका बेला पुनः आमनेसामने हुन लागेकाले सुदूरपश्चिमसँग त्यस हारको बदला लिने अवसर पनि हुनेछ ।

यता, लुम्बिनी भने उद्घाटन खेलमा प्राप्त सफलता दोहोऱ्याउने योजनामा हुने छ । 'प्लेअफ'को दबाब र महत्त्व नियमित लिग खेलभन्दा फरक हुने भएकाले अघिल्लो नतिजाले मात्रै आजको खेलको दिशा निर्धारण गर्ने छैन ।

क्रिकेटमा सानो गल्तीले पनि खेलको परिणाम बदलिन सक्छ । पहिलो 'क्वालिफायर'जस्तो महत्त्वपूर्ण खेलमा ब्याटिङ सुरुवात, विकेट जोगाउने रणनीति, बलिङमा लाइनसँगै लेन्थ तथा फिल्डिङमा देखिने चुस्तताले नतिजामा ठूलो प्रभाव पार्न सक्छ । त्यसैले दुवै टोलीले आफ्नो बलियो पक्ष प्रयोग गर्दै विपक्षीको कमजोरी पहिचान गर्ने रणनीति अपनाउन सक्ने सम्भावना छ ।

एलिमिनेटरमा काठमाडौं र चितवनबीच प्रतिस्पर्धा

पहिलो 'क्वालिफायर'पछि बुधबार (भोलि) 'प्लेअफ'को अर्को महत्त्वपूर्ण खेल अर्थात् एलिमिनेटर हुनेछ । सो खेलमा काठमाडौं गोर्खाज र चितवन राइनोज आमनेसामने हुने छन् । लिग चरणमा ७ खेलबाट ८ अंक जोडेको काठमाडौं तेस्रो स्थानमा रहँदै 'प्लेअफ'मा पुगेको हो । त्यस्तै, ७ अंक जोडेको चितवन चौथो स्थानमा रहेर अन्तिम चारमा प्रवेश गरेको हो ।

एलिमिनेटरको विशेषता भनेकै यसमा हार्ने टोलीले प्रतियोगिताबाट बाहिरिनुपर्ने हुन्छ । पहिलो 'क्वालिफायर'जस्तो पराजित टोलीलाई अर्को अवसर प्राप्त हुँदैन । त्यसैले काठमाडौं र चितवन दुवैका लागि यो खेल जीवनमरणको प्रतिस्पर्धासरह हुनेछ ।

काठमाडौं गोर्खाजका लागि पछिल्ला खेलको प्रदर्शन केही चिन्ताजनक देखिएको छ । टोली लिग चरणको अन्तिम खेलमा पोखरा एभेन्जर्ससँग ५५ रनले पराजित भएको थियो । सो खेलमा काठमाडौंको ब्याटिङ र बलिङ दुवै पक्ष कमजोर देखिएको थियो ।

पोखराले पहिले ब्याटिङ गर्दै तीन विकेट गुमाएर २२४ रनको विशाल योगफल बनाएको थियो । पोखराका कुशल भुर्तेलले ५० बलमा ९९ रन तथा युवराज सामराले ५५ बलमा ८९ रन बनाएका थिए । यी दुई ब्याटरको उत्कृष्ट साझेदारीका कारण पोखराले प्रतियोगिताकै उच्च योगफल तयार पारेको थियो । २२५ रनको कठिन लक्ष्य पछ्याएको काठमाडौंले निर्धारित लक्ष्यसम्म पुग्न सकेन । टोली १६९ रनमै समेटिएपछि ५५ रनको हार बेहोर्न बाध्य भयो । यो नतिजाले 'प्लेअफ'अघि काठमाडौंको बलिङ र ब्याटिङ दुवै पक्षमा सुधार आवश्यक रहेको देखाएको छ ।

लिग चरणको अन्तिम खेलको हारले मात्रै काठमाडौंको सम्भावना कमजोर भएको निष्कर्ष निकाल्न भने मिल्दैन । टोलीमा राशिद खानजस्ता आक्रामक ब्याटर छन्, जसले छोटो समयमा खेलको दिशा बदल्न सक्छन् । उनले चितवनविरुद्धको अघिल्लो भिडन्तमा ३० बलमा ५२ रन बनाएका थिए । उनको आक्रामक ब्याटिङ काठमाडौंका लागि एलिमिनेटरमा महत्त्वपूर्ण हतियार बन्न सक्छ ।

काठमाडौंले चितवनविरुद्ध राम्रो नतिजा निकाल्न शीर्षक्रमका ब्याटरबाट जिम्मेवार सुरुवात आवश्यक हुनेछ । यसैगरी, मध्यक्रमका ब्याटरले पनि दबाबबीच साझेदारी बनाउनुपर्नेछ । बलिङतर्फ विपक्षी ब्याटरलाई खुला हातले रन बनाउन नदिने रणनीति काठमाडौंका लागि निर्णायक बन्न सक्छ ।

चितवनको भरोसा अनुभवी विदेशी खेलाडीमा

अर्कोतर्फ चितवन राइनोज पनि काठमाडौंलाई पराजित गर्दै दोस्रो 'क्वालिफायर'मा पुग्ने योजनामा हुनेछ । टोलीसँग डेविड मलान र रवि बोपाराजस्ता अनुभवी खेलाडी छन् । अन्तर्राष्ट्रिय क्रिकेटको अनुभव बोकेका खेलाडीले ब्याटिङमा टोलीलाई मजबुत बनाउन सक्छन् ।

चितवनका लागि उनीहरूको अनुभव र खेलको परिस्थिति बुझ्ने क्षमता महत्त्वपूर्ण हुनेछ । एलिमिनेटर जस्तो दबाबपूर्ण खेलमा अनुभवी खेलाडीको भूमिका निर्णायक बन्ने गर्छ । टोलीले सुरुवाती विकेट जोगाउँदै मध्यक्रममा रनको गति बढाउन सके काठमाडौंमाथि दबाब बढाउन सक्छ । चितवनले लिग चरणको अन्तिम खेलमा कर्णाली याक्ससँग २४ रनको हार व्यहोरेको थियो । सो खेलमा केही प्रमुख खेलाडीलाई विश्राम दिइएको थियो । त्यसैले अन्तिम खेलको नतिजामात्रै आधार मानेर चितवनको वास्तविक क्षमता मूल्यांकन गर्न कठिन छ ।

एलिमिनेटरमा चितवनले आफ्नो उत्कृष्ट टोली र फरक रणनीतिसहित मैदान उत्रने अपेक्षा छ । काठमाडौंको पछिल्लो कमजोर प्रदर्शनलाई अवसरका रूपमा उपयोग गर्दै खेलको सुरुवातदेखि नै दबाब बढाउन सके चितवनले दोस्रो 'क्वालिफायर'मा स्थान बनाउन सक्छ ।

यस्तो छ फाइनलसम्म पुग्ने समीकरण

एनपीएलको 'प्लेअफ' संरचनाले चारवटै टोलीलाई उपाधि जित्ने अवसर दिएको छ । सबै टोलीको फाइनल यात्रा भने फरक छ । पहिलो 'क्वालिफायर'मा लुम्बिनी र सुदूरपश्चिमबीच प्रतिस्पर्धा हुनेछ । सो खेल जित्ने टोलीले सिधै फाइनलमा स्थान बनाउने छ । पराजित टोली भने प्रतियोगिताबाट बाहिरिने छैन । उसले एलिमिनेटरको विजेतासँग दोस्रो 'क्वालिफायर' खेल्ने अवसर पाउने छ ।

एलिमिनेटरमा बुधबार (भोलि) हुने काठमाडौं र चितवनबीच प्रतिस्पर्धा हुनेछ । सो खेलमा पराजित हुने टोलीको उपाधि यात्रा समाप्त हुनेछ भने विजेताले दोस्रो 'क्वालिफायर'मा स्थान बनाउने छ ।

पहिलो 'क्वालिफायर'मा पराजित टोली र एलिमिनेटर विजेताबीच ३ मंसिर बिहीबार दोस्रो 'क्वालिफायर' हुनेछ । यस खेलको विजेताले ५ मंसिर शनिबार हुने फाइनलमा पहिलो 'क्वालिफायर'को विजेतासँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ । पहिलो 'क्वालिफायर' जित्ने टोलीले फाइनल पुग्न दुई अवसर पाउने छ भने एलिमिनेटरमा पराजित हुने टोलीको यात्रा तत्काल समाप्त हुनेछ । यही कारण पहिलो 'क्वालिफायर' र एलिमिनेटर दुवै खेलको महत्त्व उत्तिकै रहने छन् ।

उपाधि दौड थप रोमाञ्चक

लिग चरणको प्रदर्शन हेर्दा लुम्बिनी लायन्स बलियो देखिएको छ । 'प्लेअफ'मा विगतको प्रदर्शनभन्दा मैदानमा देखाउने वास्तविक खेल महत्त्वपूर्ण हुन्छ । सुदूरपश्चिमसँग पनि लुम्बिनीलाई कडा चुनौती दिने क्षमता छ । त्यसैले पहिलो 'क्वालिफायर'मा प्रतिस्पर्धा निकै रोचक हुने देखिन्छ । काठमाडौं र चितवनबीचको एलिमिनेटर पनि उत्तिकै प्रतिस्पर्धात्मक बन्ने छ । काठमाडौं आफ्नो पछिल्लो हार बिर्सेर पुनरागमन गर्न चाहन्छ भने चितवन अनुभवी खेलाडीको साथमा दोस्रो 'क्वालिफायर'सम्म पुग्ने लक्ष्यमा हुनेछ ।

उपाधि यात्रामा रहेका चार टोलीका लागि प्रत्येक रन, प्रत्येक विकेटसँगै प्रत्येक फिल्डिङ प्रयास महत्त्वपूर्ण हुनेछ । ब्याटिङमा संयम र आक्रामकताको सन्तुलन, बलिङमा सही रणनीति, फिल्डिङमा चुस्तता तथा दबाबपूर्ण परिस्थितिमा खेलाडीले देखाउने मानसिक दृढताले नै अन्तिम नतिजा निर्धारण गर्ने नै छ ।

चार टोलीबीचको प्रतिस्पर्धाले एनपीएलको तेस्रो संस्करणलाई थप रोमाञ्चक बनाएको छ । लुम्बिनी उपाधि रक्षा गर्ने लक्ष्यमा छ भने सुदूरपश्चिम यसपटक इतिहास बदल्न चाहन्छ । काठमाडौं र चितवन पनि आफ्नो पहिलो उपाधि यात्रालाई जीवन्त राख्ने प्रयासमा छन् । अब सबैको ध्यान कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानकेन्द्रित छ । पहिलो 'क्वालिफायर'बाट फाइनलमा पुग्ने टोलीको टुंगो लागेसँगै एनपीएल उपाधि प्रतिस्पर्धा अझ निर्णायक चरणमा प्रवेश गर्नेछ ।

'कबड्डी ५'को कमाइ १२ करोडमाथि, १२ हजारबढी दर्शकले हेरे 'पाँच पाण्डव'

राजधानी समाचारदाता
काठमाडौं, ३० कात्तिक

नेपाली चलचित्र बजारमा पछिल्लो समय बक्स अफिसको प्रतिस्पर्धा रोचक बन्दै गएको छ । प्रदर्शनमा आएका चलचित्रको कमाइ, दर्शक उपस्थिति तथा कलाकारको लोकप्रियताले नेपाली चलचित्र उद्योगमा नयाँ बहस सिर्जना गरिरहेको छ । चलचित्र विकास बोर्डले सार्वजनिक गरेको बक्स अफिस विवरणले पनि नेपाली चलचित्रको व्यापारिक अवस्था र दर्शक रुचि दर्साएको छ ।

दसैंको अवसरमा प्रदर्शनमा आएका '१२ गाउँ २', 'छ माया छपक्कै २' र 'आ बाट आमा २'मध्ये व्यापारका हिसाबले 'आ बाट आमा २' अगाडि देखिएको छ । चलचित्र विकास बोर्डको ८ कात्तिकसम्मको तथ्यांकअनुसार सो चलचित्रले ४ करोड ११ लाख ४६ हजारभन्दा बढी 'ग्रस कलेक्सन' गरेको थियो । दीपेन्द्र लामाको निर्देशनमा बनेको 'छ माया छपक्कै २'ले २ करोड ७६ लाख ३९ हजारभन्दा बढी कमाउँदा



विराज भट्ट निर्देशित '१२ गाउँ २'ले १ करोड ८३ लाख ९४ हजारभन्दा बढी कारोबार गरेको थियो । यी तथ्यांकले दसैं बिदामा प्रदर्शनमा आएका चलचित्रमध्ये 'आ बाट आमा २'ले दर्शकको बढी साथ पाएको देखाउँछ ।

यता, प्रदर्शनक्रममा विवादास्पद बनेको चलचित्र 'पाँच पाण्डव'ले पनि दर्शक उपस्थिति केही जुटाएको छ । चलचित्र विकास बोर्डको आइतबार राति ११:५९ बजेसम्मको विवरणअनुसार सो चलचित्र १२ हजार २८४ दर्शकले हेरेका छन् ।

हरिवंश आचार्य, महेश त्रिपाठी, जितु नेपाल, आर्यन सिग्देल, सुशील श्रेष्ठ, दीपाश्री निरौला, सरिता गिरीलगायत कलाकारको अभिनय रहेको चलचित्रले ४३ लाख ५० हजार ४९३ रुपैयाँ 'ग्रस कलेक्सन' गरेको छ । वसन्त निरौलाको निर्देशनमा बनेको चलचित्र तिहारको अवसर पारेर प्रदर्शनमा



आएको थियो । प्रदर्शनक्रममा विवादमा परे पनि चलचित्रले १२ हजारभन्दा बढी दर्शकलाई हलसम्म पुऱ्याउन सफल भएको छ ।

अर्कोतर्फ, अभिनेता दयाहाङ राईका लागि बक्स अफिसको पछिल्लो विवरण उत्साहजनक देखिएको छ । उनका दुई चलचित्र 'कबड्डी ५ : आफ्टर द फाइनल म्याच' र 'पेन्सन पट्टा'ले संयुक्तरूपमा २३ करोड रुपैयाँभन्दा बढी 'ग्रस कलेक्सन' गरेका छन् । बोर्डको आइतबार रातिसम्मको तथ्यांकअनुसार रामबाबु गुरुङ निर्देशित 'कबड्डी ५'ले १२ करोड ९४ लाख १५ हजार ४३७ रुपैयाँ 'ग्रस कलेक्सन' गरेको छ । चलचित्रलाई ४ लाख २२ हजार ८९० दर्शकले हेरेका छन् ।

त्यस्तै, 'पेन्सन पट्टा'ले १० करोड ३५ लाख ७८ हजार ४७८ रुपैयाँ ग्रस कलेक्सन गर्दा यसका ३ लाख ६४ हजार ५२० टिकट बिक्री भएका छन् ।

दयाहाङका यी दुई चलचित्रको व्यापारले नेपाली चलचित्रमा स्थापित कलाकार र सफल फ्रेन्चाइजप्रतिको दर्शक आकर्षण अझै बलियो रहेको प्रस्ट पार्छ । 'कबड्डी' शृंखलाले पाँचौं भागसम्म आइपुग्दा पनि दर्शकलाई हलसम्म तान्न सक्नु यसको व्यावसायिक सफलताको महत्त्वपूर्ण पक्ष हो ।

पछिल्ला यी व्यापारिक विवरणले नेपाली चलचित्र बजारमा सिक्वेल, कलाकारको लोकप्रियता र कथावस्तुको प्रभावलाई फरक-फरक ढंगले उजागर गरेका छन् ।

'आ बाट आमा २'ले दसैंको प्रतिस्पर्धामा अग्रता बनाउनु, विवादबीच 'पाँच पाण्डव'ले दर्शक जुटाउनु र दयाहाङका दुई चलचित्रले २३ करोडभन्दा बढी कारोबार गर्नु नेपाली चलचित्र बजारका महत्त्वपूर्ण पक्ष हुन् । यद्यपि, बक्स अफिसको 'ग्रस कलेक्सन' नै निर्माताको खुद आम्दानी वा नाफा भने होइन । हलको हिस्सा, वितरण खर्च, निर्माण लागत तथा प्रचारप्रसार खर्च कटाएपछिमात्र चलचित्रको वास्तविक आर्थिक उपलब्धि मूल्यांकन गरिँदै आएको छ ।

स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेशन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : सचिन शेरचन, प्रबन्ध निर्देशक : आशिष शेरचन, सम्पादक : डिल्ली आचार्य